वर्ष २० | अंक १६१ | काठमाडौं | सोमवार, ४ चैत २०८१ | Monday, 17 March 2025 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
www.abhiyandaily.com
# आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक



डिजिटल कारोबार प्रवर्द्धन गर्न सिटिजन्स बैंकको नयाँ अभियान २
'एनटर्क रेस एक्सपी ब्ल्याक' सार्वजनिक ३
अवास्तविक बजेट सिलिङले निम्त्याउने समस्या ४
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक स्वीकृत ८




### भारतमा झन्डै पूरै जनसंख्या फाइभ-जीको पहुँचमा

# नेपाल किन पछि ?

**विजय दमासे**

काठमाडौं

भारत सरकारले फागुन १२ गते लोकसभालाई देशको ७७६ जिल्लामध्ये ७७३ मा फाइभ-जी सेवा विस्तार भइसकेको जानकारी दियो । तर, सन् २००७ मा थ्रीजी दूरसञ्चार सेवा शुरू गर्नमा दक्षिण एशियामै पहिलो भएको नेपालले फाइभ-जी सेवा विस्तार कहिले शुरू गर्ने हो अत्तोपत्तो छैन ।

भारतले २०७९ सालमै फाइभ-जी शुरू गरेको थियो । यो सेवा दिल्ली, मुम्बई, कोलकाता र चेन्नईजस्ता मेट्रो शहरहरूसहित अहमदाबाद, बैंगलोर, चण्डीगढ, गान्धीनगर, गुरुग्राम, हैदराबाद, कोलकाता, जामनगर, लखनउ, पुणेजस्ता ठूला शहर मात्र नभएर पूरै देशभित्र यो सेवा विस्तार भइसकेको छ ।

नेपालमा २ वर्षअघि नेपाल टेलिकमले फाइभ-जीको सफल परीक्षण गरे पनि व्यावसायिक रूपमा यो सेवा सञ्चालनमा ल्याएको छैन । उसले २०७९ मा फाइभ-जीको परीक्षण गरे पनि फाइभ-जी चल्ने डिभाइसको अभाव रहेको भन्दै स्थगन गरेको थियो । नेपाल टेलिकमले काठमाडौंको सुन्धारा र बबरमहल, कास्कीको पोखरा र पर्साको वीरगञ्जस्थित आफ्ना कार्यालय क्षेत्रमा फाइभ-जी उपकरणहरू जडान गरेर परीक्षण गरेको थियो । उसले २०७९ माघबाट काठमाडौंमा फाइभ-जीको परीक्षण थालेको थियो ।

नेपाल टेलिकमका प्रवक्ता हरि ढकाल फाइभ-जी चलाउन समस्या नरहेको बताउँछन् । 'हामीले परीक्षण गरिसक्यौं । यो अन्यत्र पनि परीक्षण र सञ्चालन भइसकेको प्रविधि भएकाले चलाउन समस्या छैन,' उनले भने, 'तर, यो धेरै महँगो प्रविधि हो, त्यसैले लगानी उच्च हुन्छ । त्यो लगानीको प्रतिफल कसरी प्राप्त हुन्छ र त्यसका लागि सरकारी नीति कस्तो हुन्छ भन्ने निश्चित नभई शुरू गर्न नसकिएको हो ।'

केही वर्षयता नेपाल टेलिकमको आम्दानी घट्दो क्रममा छ । कम्पनीको आय आर्थिक वर्ष (आव) २०७९/८० मा ४४ अर्ब ४२ करोड रुपैयाँ रहेकोमा गत आव घटेर ४२ अर्ब ११ करोड रुपैयाँमा सीमित भएको छ । विगत ५ वर्षमा कम्पनीको आय लगभग स्थिर छ ।

कम्पनीको नाफा पनि घट्दो क्रममा छ । आव २०७६/७७ मा ९ अर्ब ७५ करोड रुपैयाँ खुद मुनाफा कमाएको कम्पनीले गत आव ६ अर्ब २३ करोड रुपैयाँ मात्र खुद आम्दानी गरेको देखिन्छ । यसबीचमा पनि २०७८/७९ बाहेक अन्य वर्षमा नाफा घट्दो क्रममा छ । टेलिकम कम्पनीहरूका अनुसार भ्वाइस सेवाको आम्दानी निकै घटेको र डाटाको खपत पनि सीमित रहेकाले टेलिकम कम्पनीहरूको नाफामा गिरावट आएको हो ।





**फाइभ-जीका लागि अपरेटरहरूले निवेदन दिएको साताभित्रै स्वीकृति दिन प्राधिकरण तयार छ ।**

**भूपेन्द्र भण्डारी**
अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा खासगरी दूरसञ्चार कम्पनीहरू त्यो प्रविधि अत्यन्तै महँगो भएकाले प्रतिफल ग्यारेन्टी नहुँदासम्म लगानी गर्न डराइरहेका छन् । मनोबल उकास्न राज्यले नसकेको उनीहरूको भनाइबाट स्पष्ट देखिन्छ ।

सरकारलाई कर र विभिन्न शुल्क गरी आम्दानीको ४८ प्रतिशत बुझाउनुपर्ने बाध्यता रहेको निजीक्षेत्रको टेलिकम कम्पनी एनसलेले बताएको छ । उसले नेपाल दूरसञ्चार प्राधिकरणवाट फाइभ-जी परीक्षणको अनुमति पनि पाएको छैन ।

नेपाल टेलिकमभन्दा पहिले नै फाइभ-जी परीक्षणका लागि अनुमति माग्दै चिठी लेखे पनि हालसम्म अनुमति नदिइएको एनसेल स्रोतले बतायो । फ्रिक्वेन्सी शुल्कको विषयमा एनसेल र प्राधिकरणबीच कानूनी लडाइँ चलिरहेका बेला हालसम्म फाइभ-जी परीक्षणको अनुमति नदिइएको हो । तर, अहिले दूरसञ्चार कम्पनीहरूको आम्दानी घट्दै गएको तर फाइभ-जीका लागि प्रविधिमा धेरै लगानी गर्नुपर्ने स्थिति रहेकाले आयको अवस्था सुधार नहुँदासम्म फाइभ-जी सेवा विस्तार सम्भव नरहेको कायुमोभको भनाइ छ ।

'नेपालमा फाइभ-जीका लागि करीब ५० करोड अमेरिकी डलर (झन्डै ७० अर्ब रुपैयाँ) लाग्छ,' उनले गतहप्ता नेपाल आर्थिक पत्रकार समाजले आयोजना गरेको कार्यक्रममा भने । 'फाइभ-जीका लागि आवश्यक लगानी जुटाउन एनसेलको शतप्रतिशत सम्पत्तिलाई लगानीमा रूपान्तरण गर्दा पनि सम्भव हुँदैन ।'



**नेपालमा फाइभ-जीका लागि करीब ५० करोड अमेरिकी डलर अर्थात् झन्डै ७० अर्ब रुपैयाँ लाग्छ । आवश्यक लगानी जुटाउन एनसेलको शतप्रतिशत सम्पत्तिलाई लगानीमा रूपान्तरण गर्दा पनि सम्भव हुँदैन ।**

**जब्बोर कायुमोभ**
प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक, एनसेल

धेरै लागत पर्ने भएकाले टेलिकम क्षेत्रमा विदेशी लगानी आवश्यक हुने र त्यसका लागि सरकारले उपयुक्त वातावरण बनाउनुपर्नेमा उनको जोड थियो । फाइभ-जीका लागि ७०० र २६०० मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सी उपलब्ध भए पनि पहिले नै फोरजीका लागि लगानी गरेका ब्यान्डमा थप फ्रिक्वेन्सी उपलब्ध भए फोरजी सेवामा नै थप सुधार गर्न सकिने पनि उनले बताए ।

उनले उक्त कार्यक्रममा दिएको प्रस्तुतिमा फोर-जीका लागि ९००, १८०० र २१०० मेगाहर्ज ब्यान्डमै थप फ्रिक्वेन्सी दिनु उपयुक्त हुने उल्लेख छ । ती ब्यान्डमा अन्य कम्पनीलाई दिइएको तर प्रयोग नभएको फ्रिक्वेन्सी पाए पनि आफूहरूलाई उपयुक्त हुने उनले बताए ।

कतिपयले भने भूराजनीतिक कारणले पनि फाइभ-जी सेवा विस्तारमा ढिलाइ भएको आशंका गर्छन् । नेपाल टेलिकमले चिनियाँ कम्पनी ह्वावेको उपकरणबाट फाइभ-जी परीक्षण गरेको थियो । तर, स्रोतको दाबीअनुसार अमेरिका र भारत दुवै नेपालले ह्वावेको उपकरण फाइभ-जीमा प्रयोग नगरोस् भन्ने चाहन्छन् ।

नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी फाइभ-जी देशका मुख्य ८ शहरमा शुरू गर्न सकिने बताउँछन् । उनले प्रविधि महँगो छ भन्ने कुरामा कुनै सत्यता नरहेको बताए । फाइभ-जीका लागि अपरेटरहरूले निवेदन दिएको साताभित्रै स्वीकृति दिन प्राधिकरण तयार रहेको उनको भनाइ छ ।

यद्यपि प्राधिकरणले फाइभ-जीका लागि अनुमति माग्न कोही सेवाप्रदायक आए तिर्नुपर्ने बक्यौता रहे/नरहेको हेर्ने प्राधिकरण स्रोत बताउँछ । 'कुनै बक्यौता बाँकी छ/छैन त्यो हेर्छौं । पूरै तिरेको भए हामी तत्कालै फाइभ-जीको लाइसन्स दिइहाल्छौं,' प्राधिकरणका एक उच्च अधिकारीले भने ।

फाइभ-जी इन्टरनेट अहिलेसम्मकै द्रुत गतिको तारविहीन पाँचौं पुस्ताको मोबाइल इन्टरनेट प्रविधि हो ।

अहिले संसारका विभिन्न विकसित मुलुकमा शुरू भइसकेको यस्तो प्रविधिको वास्तविक गति तथा गुणस्तरबारे यकीन तथ्यांक आएको छैन । फोर-जीबाट २ घण्टाको एचडी भिडिओ डाउनलोड हुन १५ मिनेट लाग्छ । फाइभ-जीमा यस्तो समय चार सेकेन्डभन्दा बढी नहुने बताइन्छ । त्यस्तै कुनै पनि वेबलिंक क्लिक गरेपछि खुल्ने समय (लेटेन्सी) फोर-जीमा ४५ मिलिसेकेन्ड रहेकोमा फाइभ-जीमा यो १ सेकेन्डमा झर्नेछ । गतिसँगै यसको कभरेज पनि व्यापक हुने भएकाले यो प्रविधिबाट भविष्यमा रियल टाइम रिमोट कन्ट्रोल प्रविधि कार्यान्वयनमा सहज हुनेछ । » बाँकी पृष्ठ ५ मा

**हाल नेपालमा प्रविधिको प्रयोग**


| प्रविधि | प्रयोगकर्ता |
|---|---|
| २-जी | ३,२६५,४०१ |
| ३-जी | ९२०,८६१ |
| ४-जी | २५,१९७,०४१ |

*स्रोत : दूरसञ्चार प्राधिकरण*

- **नेपाल टेलिकमले २०७९ मा फाइभ-जीको परीक्षण गरे पनि फाइभ-जी चल्ने डिभाइसको अभाव देखिएको भन्दै स्थगन**
- **एनसेलले त अहिलेसम्म परीक्षण अनुमति पनि पाएको छैन**
- **आम्दानी घट्दै गएको तर प्रविधिमा धेरै लगानी गर्नुपर्ने भएकाले अहिलेको आयबाट फाइभ-जी विस्तार कठिन रहेको कम्पनीहरूको भनाइ**

### स्वास्थ्य बीमा

# सरकारी कर्मचारीको तलबबाट १ प्रतिशत कर कट्टी गरिने




**अभियान संवाददाता**

काठमाडौं


सरकारले राज्यकोषबाट तलब, भत्ता खाने जनप्रतिनिधिदेखि सरकारी कर्मचारीसम्मको तलबको १ प्रतिशत कट्टा गरेर स्वास्थ्य बीमा कोषमा जम्मा गर्ने कार्ययोजना अघि सारेको छ ।


हाल सामाजिक सुरक्षा कर भनेर सरकारी र निजी दुवै क्षेत्रका कर्मचारीको तलबको १ प्रतिशत काटी सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने नियम छ । सामाजिक सुरक्षा कोषले विभिन्न सामाजिक सुरक्षाका योजना अघि सारेको छ ।


हाल वार्षिक ४ हजार रुपैयाँ प्रिमियम लिएर परिवारको पाँच जना सदस्यका लागि जनही १ लाख रुपैयाँसम्मको स्वास्थ्योपचार सुविधा दिइरहेको स्वास्थ्य बीमा बोर्डले आम्दानीभन्दा धेरै गुणा दाबी आएपछि भुक्तानी गर्न कठिनाइ भोग्दै आएको छ ।


हालै यस्तो भुक्तानी गर्नुपर्ने दाबी करीब १५ अर्ब रुपैयाँ रहेको बोर्डले सार्वजनिक गरेको थियो । सरकारले भुक्तानी समयमै नदिएपछि कतिपय अस्पतालले स्वास्थ्य बीमा सुविधा दिन स्थगित गरेका थिए । सरकारले स्वास्थ्य बीमा बोर्डलाई वर्षेनि साढे ७ अर्ब रुपैयाँ दिने गरेको छ भने बीमितबाट ३ देखि ४ अर्ब मात्रै उठ्छ । त्यो रकम पनि पुरानो बक्यौता तिर्दैमा सकिने बोर्डका अधिकारी बताउँछन् । वार्षिक १३ अर्बभन्दा बढी रकम स्वास्थ्य बीमामा खर्च हुने गरेको बोर्डको तथ्यांक छ । » बाँकी पृष्ठ ५ मा

- **सम्बद्ध सरकारी निकायले पनि थप १ प्रतिशत स्वास्थ्य बीमा कोषमा जम्मा गर्ने**
- **हाल सामाजिक सुरक्षा कोषका लागि सरकारी र निजीक्षेत्रका कर्मचारीबाट १ प्रतिशत कर काट्ने गरिन्छ**
- **स्वास्थ्य बीमा सुधार सुझाव कार्यदलले दिएको सुझावअनुसार कार्ययोजना बनाइयो**
- **जटिल र दीर्घरोगीको हकमा ५ लाख रूपैयाँसम्म बीमा सुविधा दिइने**
- **कार्यदलले सबैलाई ५ लाख रूपैयाँसम्मको बीमा गराउन सुझाव दिए पनि कार्ययोजनामा त्यो जिम्मा मन्त्रिपरिषद्लाई दिइयो**




### स्थानीय तहमा निर्वाचित महिला

# बजेट विनियोजनको निर्णयमा सहभागिता न्यून

**हिमा वि.क**

काठमाडौं

स्थानीय तहको बजेट विनियोजन तथा वितरणमा सबै जनप्रतिनिधि बोलाएर छलफल गरिने भए पनि नेतृत्वले निर्णय प्रक्रियामा महिला वडा सदस्यहरूलाई कम सहभागी गराउने गरेको एक अध्ययनले देखाएको छ ।

इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस)ले आइतवार सार्वजनिक गरेको 'स्थानीय शासन नेतृत्वमा निर्वाचित महिलाको पहुँच' प्रतिवेदनअनुसार पालिकाहरूको बजेट तथा योजनाको छलफलमा ७१ दशमलव ६४ प्रतिशत प्रतिनिधिको सहभागिता हुने गरेको छ । निर्णय लिने बेलामा भने योजना बनाउँदा सहभागी भएका महिला वडा सदस्यमध्ये जम्मा ८ दशमलव ७१ प्रतिशत मात्रै सहभागी हुने गरेको पाइएको छ । » बाँकी पृष्ठ ५ मा



- **३३ दशमलव ५८ प्रतिशत प्रतिनिधिले जिम्मेवारी र भूमिकासम्बन्धी तालिम नै पाउँदैनन्**



काठमाडौंको थापाथलीमा सोलार बत्ती मर्मत गर्दै प्राविधिक ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# एक कठ्ठामै १२ क्विन्टल आलु उत्पादन

कञ्चनपुर । कञ्चनपुरको शुक्लाफाँटानगरपालिका-७पिताम्बरका दलबहादुर चौधरीले एक कठ्ठा जग्गामा १२ क्विन्टल आलु फलाएका छन् । उन्नत जातको आलुखेती गरेर उनले थोरै जग्गामा धेरै उत्पादन लिएका हुन् । पहिलोपटक 'कोमल कार्प' नामक जातको आलुको खेती गरेका उनी थोरै क्षेत्रफलमा धेरै फलेको देखेर दंग परेका छन् ।

'आलुसम्बन्धी तालीम लिँदा धेरै फल्ने आलुको नाम सुनेको थिएँ,' चौधरीले भने, 'रोपेपछि कस्तो फल्छ भनेर परीक्षणका रूपमा काठमाडौंबाट बीउ ल्याएर रोपेँ, सोचेजस्तै फलेछ ।' पाँच रुपैयाँ प्रतिदानाको दरले आठ किलो आलु बारीमा रोपेपछि त्यसबाट १२ क्विन्टल उत्पादन भएको उनले बताए ।

पहिलो पुस्ताको आलुको बीउ भएकाले उत्पादित आलुलाई उनले बीउका रूपमा राखेर रोप्ने योजना बनाएका छन् । उत्पादित आलुका दाना आधादेखि दुई किलोसम्मका छन् । यो आलु थोरै



क्षेत्रफलमा धेरै फल्ने, ठूलो दाना लाग्ने र खान स्वादिलो हुने उनले बताए । मङ्सिरको दोस्रो साता रोपेको आलु फागुनको पहिलो साता खनिएको उनको भनाइ छ ।

जिल्लामा शीत भण्डार गृह नहुँदा चौधरीले अन्यत्र लगेर भण्डारण गर्ने तयारी गरेका छन् । 'घरमै राख्दा कुहिएर बिग्रन्छ,' उनले भने, 'शीतभण्डारमा राख्नुपर्छ, तर जिल्लाको एकमात्र निजी शीत भण्डारगृह बन्द भएकाले बाहिर लैजानुपर्ने बाध्यता छ ।'

तीन दशकदेखि व्यावसायिक आलुखेतीमा संलग्न चौधरीले यो अवधिमा एघार प्रजातिका आलुखेती गरेर हेरेका छन् । यति धेरै फल्ने आलु भने पहिलोपटक खेती गरेको उनले बताए । अन्य जातका आलुको उत्पादन प्रतिकठ्ठा पाँचदेखि सात क्विन्टलसम्म हुने गरेको छ । उनी हरेक वर्ष १२ कठ्ठादेखि एक बिगाहा जग्गामा आलुखेती गर्छन् र दुई सयदेखि तीन सय बोरा आलु उत्पादन गर्छन् । आलुखेतीको स्याहारमा उनको पूरै परिवार खटिन्छ । रासायनिक मल कम र कम्पोस्ट मल बढी प्रयोग गर्दा उत्पादन धेरै हुने उनको अनुभव छ ।

लामो समयदेखि आलु उत्पादनमा संलग्न भए पनि बजारमा लगेपछि बिचौलिया र व्यापारीले तोकेको मूल्यमा बेच्नुपर्दा कहिलेकाहीँ लागत पनि नउठ्ने उनले बताए । किसानलाई मर्का नपर्ने गरी सरकारले धान, गहुँजस्तै आलुको पनि मूल्य निर्धारण गर्नुपर्ने उनको माग छ ।

आलु उत्पादन गर्ने उत्कृष्ट किसानका रूपमा उनी तीन पटक पुरस्कृत भइसकेका छन् । पूर्वनगर प्रमुख दिलबहादुर ऐरले किसानले उत्पादन गरेको आलु र तरकारी भण्डारणका लागि शीतभण्डारको व्यवस्था गर्नुपर्ने र बजारमा सहज रूपमा बेच्ने वातावरण बनाउन स्थानीय तहले काम गर्नुपर्ने बताए । *रासस*

# भुरुङ्दीखोला मोटरेबल पुल ९ वर्षसम्म अधुरै

पर्वत । कास्की र पर्वत जोड्ने भुरुङ्दीखोलामा निर्माणाधीन मोटरेबल पुल ९ वर्षसम्म पनि अधुरै रहेको छ । सम्झौताको दुई वर्षमा सक्ने लक्ष्यसहित २०७१ मङ्सिरदेखि निर्माण थालिएको उक्त पुल ठेकेदारको लापरबाहीका कारण बन्न नसकेको हो ।

पर्वतको मोदी गाउँपालिका-१ भुकताङ्ले र कास्कीको अन्नपूर्ण गाउँपालिका-८ रामदुवाली जोड्ने यो पुलको काम १० प्रतिशत पनि भएको छैन । खोलाको एकातिर पुलको केही संरचना तयार भए पनि अन्य काम हुन सकेको छैन । रू. ६ करोड १३ लाखको लागतमा पुल निर्माण गर्ने सम्झौता भएको थियो । अहिलेसम्म रू. एक करोड ५० लाख कार्यालयबाट भुक्तानी गरिएको छ । उक्त पुल २९ महीनामा सम्पन्न गर्नेगरी सञ्जीवनी निर्माण कम्पनीले जिम्मा लिएको हो ।

सडक डिभिजन कार्यालय बागलुङले



२०७२ सालमा ठेक्का सम्झौता गरेको उक्त आयोजनाको जिम्मेवारी अहिले सडक डिभिजन कार्यालय, पोखराले जिम्मेवारी लिएको छ । निर्माण थाल्न जनप्रतिनिधिले पटकपटक दबाब दिँदै आएका छन् । तर पुल निर्माणले गति लिएको छैन ।

'धेरै पटक हामीले पुलका बारेमा सरकारी निकायमा कुरा राखेपछि सडक डिभिजन कार्यालयले बल्ल काम शुरू गरेको छ, तैपनि सम्पन्न हुने/नहुनेमा आशंका छ । ढिलोगरी काम शुरू भएको छ,' स्थानीय राजेन्द्र खड्काले भने ।

सडक डिभिजन कार्यालय पोखराले पुनः असार मसान्तसम्मको म्याद थप गरेर निर्माण व्यावसायीलाई निर्माणस्थलमा खटाएको छ । अहिले पुल निर्माणको काम धमाधम भइरहेको कार्यालयका सूचना अधिकारी इन्जिनियर ध्रुव पोखरेलले जानकारी दिए । अब निर्धारित समयमै सम्पन्न गर्न कार्यालयले निर्माण व्यवसायीलाई निर्देशनसमेत दिएको छ ।

स्थानीय तहको गठनअघि नै निर्माण सुरु भएको पक्की पुलको निर्माण अहिलेसम्म सम्पन्न नहुँदा स्थानीयवासी हैरानी खेप्न बाध्य भएको मोदी गाउँपालिकाका अध्यक्ष हीरादेवी शर्माले बताइन् । स्थानीय तह, संघीय सांसद र सम्बन्धित कार्यालयको निर्देशनलाई निर्माण व्यवसायीले पटकपटक अटेर गरेकाले यस्तो समस्या भएको उनको भनाइ छ ।

यसैबीच, निर्माण शुरू भएको उक्त आयोजनाको राष्ट्रियसभाका पूर्वअध्यक्ष गणेश तिमिल्सिना र प्रदेशसभा सदस्य भक्त कुँवरले स्थलगत अनुगमन गरेका छन् । *रासस*

# घरपझोङ चक्रपथमा कमसल कालोपत्र



मुस्ताङ । मुस्ताङको घरपझोङका गाउँपालिकाका पाँचओटै वडालाई जोड्ने चक्रपथ सडकको कालोपत्रमा निर्माण व्यवसायीले अनियमितता गरेको पाइएको छ । घरपझोङ चक्रपथ सडकअन्तर्गत जोमसोम-ठिनी सडक कालोपत्र गर्दा सम्बन्धित निर्माण कम्पनीले बदमासी गरेको गुनासो बढेपछि घरपझोङ-५ को वडा कार्यालयले पूर्वाधार विकास कार्यालयलाई स्पष्टीकरण मागेको छ ।

गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय मुस्ताङले जोमसोम, ठिनी, ढुम्बाताल, सम्ले, छैरो र चिमाङलगायत आधा दर्जन गाउँ जोड्ने 'एक निर्वाचन क्षेत्र, एक सडक' योजनाअन्तर्गत घरपझोङ चक्रपथ बनाउन २०७६ कात्तिक २१ गते बन्दना भगवती जेभिसँग रू. २१ करोड ४३ लाखको लागतमा ठेक्का सम्झौता गरेको थियो । चक्रपथ सडकअन्तर्गत १० किमी सडकमध्ये नयाँ ट्र्याक खोल्ने र जोमसोमदेखि ढुम्बासम्म ५ दशमलव ५ किमी दूरीमा कालोपत्र गर्ने योजना परेको थियो । सडकको नाली निर्माणसहित आठ मिटर चौडा सडकमा जोमसोम-ठिनी-ढुम्बासम्म पाँच किमी दूरीमा प्रिमिक्स कालोपत्र गरिने योजना थियो । सम्झौता अवधि २०७७ माघसम्म तोकिएको घरपझोङ चक्रपथ सडकको पाँच पटकभन्दा धेरै म्याद थप भइसकेको छ ।

जीर्ण आयोजनाको सूचीमा परेको घरपझोङ चक्रपथमा निर्माणमा निर्माण कम्पनीले चरम ढिलासुस्ती देखाएकाले सम्पन्न हुन सकेको छैन । निर्माण कम्पनीलाई पूर्वाधार विकास कार्यालयको पटक/पटकको ताकेतापछि जोमसोम-ठिनी सडकको ३ किमी दूरीमा गत मङ्सिरमा जसोतसो कालोपत्र गरिएको थियो । अहिले जोमसोम-ठिनी सडकको कालोपत्र उप्किएको भन्दै त्यस क्षेत्रका स्थानीयले गुनासो गरिरहेका छन् ।

स्थानीयले अख्तियारी प्राप्त निकायले प्राविधिक अनुमगन नगरेकाले कालोपत्र सडक कमसल हुँदा उप्किन पुगेको भन्दै स्थानीय सरोकारवालाले गुनासो गर्न थालेका हुन् ।

घरपझोङ चक्रपथ सडकअन्तर्गत गत मङ्सिरमा तीन किमी दूरी कालोपत्र गरेर चिसो बढेको भन्दै निर्माण कम्पनीले सडक स्तरोन्नति स्थगित गरेको थियो । निर्माण कम्पनीले काम स्थगित गरेको तीन महीना बितिसक्दा समेत अहिले पनि चक्रपथ सडक निर्माण शुरू हुन सकेको छैन ।

चक्रपथअन्तर्गत जोमसोम-ठिनी सडकमा गरिएको कालोपत्र सम्बन्धी जनगुनासो बढेसँगै घरपझोङ-५ ठिनीको वडा कार्यालयले गत २१ मङ्सिरमा पूर्वाधार विकास कार्यालयसँग स्पष्टीकरण माग गरेको हो । त्यहाँका वडाध्यक्ष प्रदीप थकालीले हस्ताक्षर गरेको पत्रमा जोमसोम-ठिनी सडकको कालोपत्र गुणस्तरहीन र अत्यन्त कमजोर भएको उल्लेख गरिएको छ ।

पूर्वाधार विकास कार्यालयका सूचना अधिकारी ई. घनश्याम रोकामगरले जोमसोम-ठिनी कालोपत्र सडकमा समस्या भएको देखिएमा पुनः समाधान गर्न सकिने बताए । इञ्जिनीयर रोक्कामगरले वडा कार्यालयको पत्र प्राप्त भएको र त्यसको जवाफ लेखेर पठाइएको जानकारी दिए । उनले उक्त सडक ५ सेमी मोटाइको प्रिमिक्स कालोपत्र भएको र त्यसमा कुनै त्रुटि भएको प्राविधिक अध्ययनमा देखिएमा करेक्सन गर्न सकिने बताए ।

सूचना अधिकारी ई. रोकामगरले चक्रपथ सडकमा ठेकेदारले अनुकूल समयमा कालोपत्र नगरेको उल्लेख गरे । ' तापक्रम नपुगेकाले पनि समस्या आएको हुन सक्छ, अनुकूल समयमा काम गरिनुपर्थ्यो,' उनले थपे, 'काम गर्छु भनेर आएपछि नगर भन्न मिलेन, यसैले ठिनी गाउँसम्म कालोपत्र गर्न दियौं ।' घरपझोङ चक्रपथको भौतिक प्रगति ६ वर्षमा ७६ प्रतिशत रहेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । *रासस*

## डिजिटल कारोबार प्रवर्द्धन गर्न सिटिजन्स बैंकको नयाँ अभियान

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले फोनपे र एफवान सफ्टसँगको सहकार्यमा 'टपअप र फोनपे डाइरेक्ट गरौं, बम्पर उपहार जितौं' नयाँ अभियान सार्वजनिक गरेको छ । यस अभियानअन्तर्गत ग्राहकले आकर्षक उपहार जित्ने अवसर पाउनुका साथै बम्पर उपहार आइफोन सिक्सटिन प्राप्त गर्न सक्न बताइएको छ । यस अभियानको मुख्य उद्देश्य डिजिटल कारोबार प्रवर्द्धन गर्दै बैंकको मोबाइल बैंकिङ सेवाको प्रयोग बढाउने रहेको बताइएको छ । बैंकले डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्दै ग्राहकलाई सजिलो, सुरक्षित र आधुनिक बैंकिङ सेवाको अनुभव प्रदान गर्ने लक्ष्य राखेको छ । यस अभियानमा सहभागी हुन ग्राहकले सिटिजन्स स्मार्ट मोबाइल बैंकिङ एपमार्फत कम्तीमा रू. १०० को मोबाइल टपअप र कम्तीमा रू. ५०० को फोनपे डाइरेक्ट कारोबार गर्नुपर्ने बताइएको छ । यी कारोबार पूरा गर्ने ग्राहक साप्ताहिक तथा बम्पर उपहारका लागि योग्य बन्ने बताइएको छ ।

यस अभियानअन्तर्गत हरेक हप्ता १०० जना विजेताले रू. १०० को मोबाइल टपअप प्राप्त गर्नेछन् । त्यसैगरी अभियानको अन्त्यमा एकजना ग्राहकलाई नयाँ आइफोन सिक्सटिन प्रदान गरिनेछ । यो अभियान चैत्र १ गतेदेखि चैत्र ३१ गतेसम्म सञ्चालन हुनेछ । थप जानकारीका लागि नजिकको शाखामा सम्पर्क गर्न वा बैंकको औपचारिक वेबसाइट तथा सामाजिक सञ्जाल पेजमा हेर्न सकिने बताइएको छ ।

## महालक्ष्मी विकास बैंकद्वारा डिजिटल क्यालेन्डर सार्वजनिक

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले 'महालक्ष्मी क्यालेन्डर २०८२' को डिजिटल संस्करण सार्वजनिक गरेको छ । परम्परागत रूपमा प्रकाशन गरिने क्यालेन्डरलाई आधुनिक प्रविधिसँग समायोजन गर्दै जाने उद्देश्य अनुरूप डिजिटल संस्करण सार्वजनिक गरिएको बताइएको छ । महत्त्वपूर्ण चाडपर्व, तिथि, बिदा, शुभसाइत तथा विक्रम संवत्, नेपाल संवत् तथा अंग्रेजी संवत्का मिति लगायतका विषयवस्तु डिजिटल क्यालेन्डरमा समावेश गरिएको बताइएको छ । नयाँ डिजिटल संस्करण प्रयोगकर्ताका लागि थप सहज र उपयोगी हुनुका साथै नेपालीको संस्कृतिलाई संवर्द्धन तथा निरन्तरता प्रदान गर्न टेवा पुग्ने विश्वास बैंकको छ । क्यालेन्डर बैंकको आधिकारिक वेबसाइटमार्फत डाउनलोड गर्न सकिने बताइएको छ । बैंकले हालै ग्राहकलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको छ ।

## पोखरा फाइनान्सको वार्षिकोत्सवमा रक्तदान

काठमाडौं (अस) । पोखरा फाइनान्स लिमिटेडले आफ्नो २८औं वार्षिकोत्सवको अवसरमा संस्थाको केन्द्रीय कार्यालय पोखरामा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष राजकुमार गुरुङले संस्थाका सञ्चालक प्रतिक गुरुङलाई ब्लड ब्याग हस्तान्तरण गरी शुरू गरिएको रक्तदान कार्यक्रममा संस्थाका कर्मचारी र सर्वसाधारणले रक्तदान गरेका थिए । संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रकाश गुरुङले स्थापनाको २८औं वर्षसम्ममा आइपुग्दा संस्थाले ठूलो संख्यामा ग्राहकलाई अत्याधुनिक बैंकिङ सुविधासहितको सेवा प्रदान गर्नुका साथै संस्थागत सामाजिक उत्तरदायित्वका काममा सहभागी भएको बताए । संस्थाको यस निरन्तरताको यात्रामा सद्भाव र सहयोग गर्ने ग्राहक, शेयरधनी, शुभचिन्तक एवं कर्मचारी तथा नियामक निकायप्रति उनले धन्यवाद व्यक्त गरेका थिए ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्वाधीन विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

**कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८१/१२/०४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१२/२४ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१) ऋणीको नाम : अमृत पाण्डे**<br>बाबुको नाम : शालीग्राम पाण्डे<br>बाजेको नाम : नन्द प्रसाद पाण्डे<br>ठेगाना : पोखरा लेखनाथ-३१, कास्की<br>हाल : पोखरा-३१, कास्की<br>ना.प्र.नं.: ४६१००२/५१३, जारी मितिः २०६४/०६/०६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की<br>**कर्जा लिएको शाखा कार्यालय : तालचोक, कास्की**<br>**जमानीकर्ताको विवरण**<br>**क) नाम : शालिग्राम पाण्डे**<br>बाबुको नाम : नन्द प्रसाद पाण्डे<br>बाजेको नाम : गौरी शंकर पाण्डे<br>ठेगाना : लेखनाथ-०९, कास्की, हालः पोखरा-३१, कास्की<br>ना.प्र.नं.: ४६१००२/६९८, जारी मितिः २०६४/०९/०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की<br>**ख) नाम : गोमा पाण्डे**<br>पतिको नाम : सालिग्राम पाण्डे<br>ससुराको नाम : नन्द प्रसाद पाण्डे<br>ठेगानाः वेगनास-३, कास्की, हालः पोखरा-३१, कास्की<br>ना.प्र.नं.: २१३०५/४५२<br>जारी मिति : २०४३/०९/२३<br>जारी गर्ने कार्यालय : जि.का., कास्की<br>**ग) नाम : सरस्वती भण्डारी**<br>बाबुको नाम : आनन्द प्रसाद भण्डारी<br>पतिको नाम : अमृत पाण्डे<br>ससुराको नाम : शालीग्राम पाण्डे<br>ठेगाना : भारतीपुर-०७, नवलपरासी,<br>हाल : पोखरा-३१, कास्की<br>ना.प्र.नं. : ५६०१५, जारी मिति : २०६३/०७/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी | **घ) नाम : विमला पाण्डे**<br>बाबुको नाम : पदमकान्त गैरे<br>पतिको नाम : लेखनाथ पाण्डे<br>ससुराको नाम : शालिग्राम पाण्डे<br>ठेगाना : लेखनाथ-०९, कास्की<br>हाल : पोखरा-३१, कास्की<br>ना.प्र.नं.: ४६१००२/६९९, जारी मितिः २०६४/०९/०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की<br>**ङ) नाम : मोहन पाण्डे**<br>बाबुको नाम : शालिग्राम पाण्डे<br>बाजेको नाम : नन्द प्रसाद पाण्डे<br>ठेगाना : लेखनाथ-०९, कास्की<br>हाल : पोखरा-३१, कास्की<br>ना.प्र.नं. : ४६ १००२/६२१८, जारी मिति : २०६८/०४/१५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की<br>**च) नाम : सिमा तिवारी पाण्डे**<br>बाबुको नाम : दिनेश तिवारी (शर्मा)<br>पतिको नाम : मोहन पाण्डे<br>ससुराको नाम : शालिग्राम पाण्डे<br>ठेगाना : पोखरा लेखनाथ -३१, कास्की<br>हाल : पोखरा-३१, कास्की<br>ना.प्र.नं. : ४६-०२-७४-०१८९२<br>जारी मिति : २०७४/०६/२९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की<br>**छ) नाम : टुक चन्द्र सुवेदी**<br>बाबुको नाम : भिमा मोहन सुवेदी<br>बाजेको नाम : गुरु दत्त सुवेदी<br>ठेगाना : हंसपुर-०९, कास्की, हाल : पोखरा-३०, कास्की<br>ना.प्र.नं. : ५५०८३, जारी मिति : २०५४/०४/२०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की |

**सुरक्षणमा रहेको धितो विवरण :**

१) श्री मालपोत कार्यालय रत्नपुरी, पोखरा कास्कीमा श्री शालिग्राम पाण्डेको नाममा जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला वेगनास वडा नं ०८ स्थित कित्ता नं. ५५९ र ५६० को क्षेत्रफल क्रमशः ४०५.४० र १७५४.७६ व.मी.को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२) श्री मालपोत कार्यालय कास्कीमा श्री शालिग्राम पाण्डेको नाममा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला वेगनास वडा नं ०८, स्थित कित्ता नं. ५६३ को क्षेत्रफल १९३९.४९ व.मी.को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३) श्री मालपोत कार्यालय रत्नपुरी, पोखरा, कास्कीमा श्री गोमा पाण्डेको नाममा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला शिशुवा वडा नं ०५, स्थित कित्ता नं. ४१५२ र ४२४८ को क्षेत्रफल क्रमशः ८९.४३ र ११३.२७ व.मी. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१" को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

**हकप्रद शेयरको बाँडफाँड सम्बन्धी सूचना**

प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको मिति २०८१/१०/०६ गते सम्म कायम साविकका शेयरधनीहरुलाई १:१ (अर्थात् विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ताशेयर) को अनुपातमा हकप्रद शेयर निष्कासन तथा बिक्री खुला गरिएकोमा रितपूर्वक आवेदन दिनुहुने सम्पूर्ण शेयरधनीज्यूहरुलाई आवेदन अनुसार हकप्रद शेयर मिति २०८१ चैत्र ३ गते यस प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा नं.-३२, तिनकुने, काठमाडौंमा बाँडफाँड गरिएको छ । साथै आफ्नो कायम हक भन्दा बढी माग गरी दरखास्त दिने आवेदक शेयरधनीहरुको हकमा समेत माग बमोजिमको हकप्रद शेयर बाँडफाँड भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनी सचिव**
**प्रभु स्टील्स एण्ड हाईड्रो इन्भेष्टमेण्ट कम्पनी लिमिटेड**
**साविकः प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड**
**रजिष्टर्ड कार्यालयः** का.म.न.पा.-३२, तिनकुने, काठमाडौं ।
**टेलिफोन नं.:** ०१-५९१३७२८/०१-५९१३७२९
**ईमेलः** prabhusteel01@gmail.com **वेभसाइटः** www.prabhusteel.com



*तस्वीर : रासस*

**पूर्व–पश्चिम राजमार्गअन्तर्गत चार लेनमा विस्तार भइरहेको नारायणघाट–बुटवल सडक खण्डको नवलपुरको गैंडाकोट नगरपालिका–७ मा निर्माण भइरहेको जयश्री खोलाको पुल । यस खण्डमा निर्माण हुने १२ ओटा ठूला नयाँ पुलमध्ये चारको काम भइरहेको छ ।**

# ‘एनटर्क रेस एक्सपी ब्ल्याक’ सार्वजनिक

काठमाडौं (अस) । नेपालका लागि टीभीएस एनटर्कको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले नयाँ एनटर्क रेस एक्सपी ब्ल्याक सार्वजनिक गरेको छ । नेपालकै पहिलो १० पीएसभन्दा माथिको पावर भएको १२५ सीसी स्कुटर एनटर्क रेस एक्सपी ब्ल्याकले पावर, स्टाइल र आधुनिक प्रविधिको रोमाञ्चक संयोजन प्रस्तुत गरेको बताइएको छ । स्कुटर पारखीका लागि डिजाइन गरिएको यो स्कुटरले डुअल राइड मोड, भ्वाइस असिस्ट प्रविधि र रेस इन्स्पायर्ड डिजाइन सहितको विशेषता प्रस्तुत गरेको कम्पनीको भनाइ छ ।

यसमा स्ट्रीट मोड र रेस मोड गरी डुअल राइडिङ मोड उपलब्ध गरिएको बताइएको छ । स्ट्रीट मोडमा यात्रुले शहरको सहज र किफायती यात्रा अनुभव गर्न सक्नेछन् । त्यसैगरी रेस मोडमा शून्यदेखि ६० किलोमिटर प्रतिघण्टाको गति मात्र ८ दशमलव ३ सेकेन्डमा प्राप्त गर्दै ९८ किलोमिटर प्रतिघण्टाको अधिकतम गति दिन्छ । एनटर्क रेस एक्सपी ब्ल्याकको यो क्षमताले नेपालको स्कुटर सेग्मेन्टमा नयाँ मानक स्थापित गर्ने कम्पनीको दाबी छ ।

यस स्कुटरले नेपालमै पहिलो पटक भ्वाइस असिस्ट टेक्नोलोजी ल्याएको बताइएको छ । ‘केवल प्रदर्शन मात्र होइन, यो स्कुटर हेर्दै मन लोभ्याउने लुक्ससहित प्रस्तुत गरिएको छ । रेस इन्स्पायर्ड म्याट ब्ल्याक फिनिश, रातो पांग्रा र एयरोडायनामिक ग्राफिक्स यसमा थपिएको आक्रामकता र सौन्दर्यको प्रमाण हो,’ जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले भने ।

# अन्तरराष्ट्रिय महिला दिवसमा जोन्टा क्लबको सम्मान

काठमाडौं (अस) । जोन्टा क्लब काठमाडौंले महिलाहरूको असाधारण उपलब्धिलाई मान्यता दिँदै विश्वव्यापी अन्तरराष्ट्रिय महिला दिवसलाई ‘पहेँलो गुलाब’ दिवसको रूपमा मनाएको छ । क्लबको यस कार्यक्रमको एक भागको रूपमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने महिलालाई सम्मान गरिएको थियो । सम्मानित महिलाहरूले महिला र बालबालिकाको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताइएको छ ।

जोन्टा क्लब काठमाडौंका अध्यक्ष विना राणाले पहेँलो गुलाब दिवस नेतृत्व र लैंगिक समानताको अथक प्रयासको उत्सव भएको बताइन् । यस वर्षको अन्तरराष्ट्रिय महिला दिवसको अभियानको विषयवस्तुलाई आत्मसात् गर्दै विभिन्न चुनौतीका बीच



घर, कार्यस्थल र समुदायको परिवर्तनमा काम गरेका महिलाहरूलाई सम्मान गरिएको उनको भनाइ थियो ।

सो अवसरमा ‘अनसङ हिरो’ पुरस्कारबाट विभिषा माथेमा श्रेष्ठ, विनिता अधिकारी, सुनिता चिदिमार र अरिका गुरुङलाई सम्मान गरिएको थियो। त्यस्तै ‘राजकुमारी हेलेन शाह वर्षको प्रेरणादायी महिला’ पुरस्कारबाट श्याम बदन श्रेष्ठ, ‘अमर राणा गेम चेन्जर अवार्ड’बाट पलेशा गोवर्द्धनलाई सम्मान गरिएको थियो ।

सो अवसरमा एयरोस्पेसमा महिलाहरूका लागि इन्द्रकला छात्रवृत्ति (२०२५) अंकिता भट्टराईलाई, व्यवसायमा महिलाका लागि ज्योति छात्रवृत्ति (२०२५) ओशिका श्रेष्ठलाई, सिस्टममा महिलाहरूका लागि ज्योति छात्रवृत्ति अनुपा बराल र सार्वजनिक मामिलामा युवा महिलाका लागि इन्द्रकला छात्रवृत्ति स्मृति कुँवरलाई प्रदान गरिएको थियो ।

त्यस्तै पत्रकारिता र वकालतमा योगदान पुऱ्याएकोमा ‘लिडरशिप इन मिडिया’ अवार्डबाट बविता बस्नेत, सोनिला अवाले र चारु चड्डालाई सम्मान गरिएको थियो ।

# नेपाल लाइफ इन्स्योरेन्सका ३ सञ्चालक चयन र पदबहाली

काठमाडौं (अस) । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालकमा विमलप्रसाद ढकाल, कृष्णराज लामिछाने र शर्मिला श्रेष्ठ महर्जन निर्वाचित भएका छन् । २५औं वार्षिक साधारणसभाको निर्णयानुसार स्थगन रहेको सर्वसाधारण शेयरधनी (समूह ख)को सञ्चालक निर्वाचनसम्बन्धी कार्यक्रम शनिवार वीरगञ्जमा सम्पन्न निर्वाचनपश्चात् बसेको कम्पनी सञ्चालक समितिको ३९३औं बैठकमा बीमा ऐन, २०७९ बमोजिम नवनिर्वाचित ३ जना सञ्चालक सदस्यले अध्यक्ष गोविन्दलाल संघईबाट शपथ ग्रहण गरी पदबहाली गरेका थिए ।

# डिजिटल सुशासनमा काम गर्न सिबिफिन र काठमाडौं फिनटेकबीच रणनीतिक साझेदारी

काठमाडौं (अस) । बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र काठमाडौं फिनटेक प्रालि (केएफ)बीच नेपाली बैंकिङ क्षेत्रमा डिजिटल परिवर्तन, नेतृत्व विकास, तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले रणनीतिक साझेदारी सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतामा सिबिफिनका महानिर्देशक रोशन कोइराला र काठमाडौं फिनटेकका संस्थापक सञ्जीव सुब्बाले हस्ताक्षर गरेका छन् ।

सिबिफिनका महानिर्देशक रोशन कोइरालाले काठमाडौं फिनटेकसँगको यो महत्त्वपूर्ण सहकार्य नेपाली बैंकिङ क्षेत्रलाई डिजिटल प्रविधिमा रूपान्तरण गर्दै थप सुदृढ, सुरक्षित, प्रतिस्पर्धी एवं नवप्रवर्तनमुखी बनाउनका लागि कोसेढुंगा सावित हुने बताए । फिनटेकका संस्थापक सञ्जीव सुब्बाले नेपालको बैंकिङ क्षेत्रको गुणात्मक सुधार, विकास एवं विस्तारमा क्रियाशील सिबिफिनसँगको रणनीतिक साझेदारीमा संलग्न हुन पाउँदा उत्साहित भएको बताए ।

बैंक तथा वित्तीय संस्थाका सञ्चालक समिति सदस्यका लागि नवीनतम प्रविधि, नीति, अभ्यास, नियमन, सुशासन, अनुपालना, रणनीतिक वित्तीय व्यवस्थापन, बैंकिङ क्षेत्रमा डिजिटल प्रविधि एवं फिनटेक अपनाउने प्रक्रिया र साइबर सुरक्षासम्बन्धी अभिमुखीकरण तालीम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने बताइएको छ ।

साथै उच्चस्तरीय सम्मेलन आयोजना गर्ने, रणनीतिक नेतृत्व विकास तथा निर्णय क्षमता अभिवृद्धिका विशेष तालीम सञ्चालन गर्ने, सामाजिक एवं आर्थिक रुपान्तरणका लागि बैंकिङ पहुँच एवं समावेशी वित्तीय साक्षरता प्रवर्द्धन, नैतिक बैंकिङ अभ्यास, तथा सुशासन अभिवृद्धिका परियोजना सञ्चालन गर्ने कार्यमा सहकार्य गरिने सम्झौतामा उल्लेख छ ।

त्यसैगरी बैंकिङ क्षेत्रका जल्दाबल्दा चुनौती एवं अवसर, उद्यमशीलता एवं नवप्रवर्तनसम्बन्धी अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन समेत सार्वजनिक गरिने बताइएको छ ।

# नेपाल बैंकका ग्राहकलाई वात्सल्य नेचुरलमा छूट

काठमाडौं (अस) । नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारी र ग्राहकले वात्सल्य नेचुरल आईभिएफ प्रालिका विभिन्न स्थानमा रहेका अस्पताल र क्लिनिकमा उपचार गर्दा लाग्ने शुल्कमा छूट पाउने भएका छन् । छूटसम्बन्धी भएको सम्झौता बमोजिम अस्पतालका विविध सेवामा लाग्ने शुल्कमा बैंकमा कार्यरत कर्मचारी र ग्राहकलाई प्याथोलोजी तथा औषधि सेवामा ५ देखि १५ प्रतिशतसम्म र आईभिएफ प्याकेजमा कर्मचारीलाई रू. १५ हजार तथा ग्राहकलाई रू. १० हजार छूट हुने भएको छ ।

सम्झौतापत्रमा बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाशकुमार अधिकारी र वात्सल्यका डिजिटल तथा मिडिया प्रबन्धक नवीन विष्टले हस्ताक्षर गरेका छन् । यसबाट बैंकमा कार्यरत कर्मचारी र ग्राहक काठमाडौंको नक्साल, भक्तपुर, ललितपुर, भरतपुर, नेपालगञ्ज, पोखरा र बुटवलस्थित वात्सल्यका अस्पताल र क्लिनिकले प्रदान गर्ने उच्चस्तरीय उपचार सेवाबाट लाभान्वित हुने विश्वास बैंकको छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**(प्रथम पटक प्रकाशन मिति २०८१/१२/०४)**

श्री कृष्ण सा.व.उ.स, भेरीगंगा न.पा.१२, सुर्खेतको वन क्षेत्रबाट उत्पादित विभिन्न जातको गोलिया काठ २१ थानको २३९.८१ क्युफिट जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत स:मिल, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि समूहको कार्यालयसँगै डिभिजन वन कार्यालय सुर्खेतमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयमा टाँस गरिएको छ ।

**श्री कृष्ण सामुदायिक वन उपभोक्ता समूह**
भेरीगंगा नगरपालिका-१२, सुर्खेत

**HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.**

तपसिलका शाखा कार्यालयहरुका

## ऋणीहरुलाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा तिर्न बुझाउन पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज आदि अविलम्ब चुक्ता भुक्तान गर्नु होला । अन्यथा कालोसूचीमा राखि ऐन कानून तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी बैंकको लेना असुल गरिने छ ।

तपसिल

| ऋणीहरुको नाम | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय : विरगंज, पर्सा**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, पर्सा, विरगंजमा प्रा.फ. पर्सा.नं. ५९/०५४/५५ कायम भइ मिति २०५४/०५/१३ मा दर्ता भएको **श्री पोलीमर्श इण्डष्ट्रिज ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**सुनिता कुमारी रौनीयार** | १. ऋणी श्री पोलिमर्श इण्डष्ट्रिज प्रा. लि. को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.पु. गा.वि.स., वडा नं. ८ स्थित कित्ता नं. ७१ को क्षेत्रफल २२८.५५ ब.मी., ऐ. कित्ता नं. ८३ को क्षेत्रफल ६११ ब.मी., ऐ.कित्ता नं. ८६ को क्षेत्रफल १३६० ब.मी. जग्गा ।<br>२. भगवान लाल साह रौनियारको नातिनी, नारायण प्रसाद रौनियारको छोरी, बारा जिल्ला, साविक अमलेखगंज गा.वि.स., वडा नं. ४ बस्ने **सुनिता कुमारी रौनियार**को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, साविक विरगंज उ.म.न.पा., वडा नं. १२ (हाल परिवर्तित विरगंज म.न.पा., वडा नं. १०) स्थित कित्ता नं. २८२ को क्षेत्रफल १०४.६२ ब.मी. जग्गा र घर समेत, ऐ. ऐ. साविक बहुअर्वा भाठा गा.वि.स., वडा नं. ७( हाल परिवर्तित विरगंज म.न.पा., वडा नं. ०१) स्थित कित्ता नं. ९६२ को क्षेत्रफल ०–२–१०–० (विघा) जग्गा ।<br>(माथि उल्लिखित धितोहरु **कृष्ण मल्टी ओभरसिज प्रा. लि.** को कर्जाको लागि समेत सुरक्षण कायम रहेको छ) |
| **शाखा कार्यालय : बाइपास रोड, विरगंज, पर्सा**<br>१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बारामा प्रा.फ.र.नं. १४२९/०६७–६८ (स्थानीय व्यापार) कायम भइ मिति २०६७/०७/०७ मा दर्ता भएको **मुस्कान ओभरसिज ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**सुनिता कुमारी तेल**<br>व्यक्तिगत जमानी दिने<br>**रोहित कुमार साह**<br>**सन्तुप्रसाख साह**<br>**मुस्कान साह** | बहादुर साह तेलीको बुहारी, सन्तुप्रसाद साहको पत्नी, बारा जिल्ला साविक गंन्जभवानीपुर गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित महागढिमाई न.पा., वडा नं. ०३) बस्ने **सुनिता कुमारी तेली**को नाममा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा., वडा नं. १४५ को क्षेत्रफल ०–१–५–०, ऐ. कित्ता नं. १४७ को क्षेत्रफल ०–०–१५–० (विघा) जग्गा समेत । |
| २. बहादुर साह तेलीको बुहारी, सन्तुप्रसाद साहको पत्नी, बारा जिल्ला, साविक गंजभवानीपुर गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित महागढिमाई न.पा., वडा नं. ०३) बस्ने **सुनिता कुमारी तेली ।**<br>व्यक्तिगत जमानी दिने<br>**स्वेता साह**<br>**रोहीत कुमार साह**<br>**मुस्कान साह**<br>**सन्तुप्रसाद साह** | ऐ.ऐ. । |
| ३. सुखल साहको नाति, सरुप साह कानुको छोरा, पर्सा जिल्ला, साविक मनियारी गा.वि.स., वडा नं. ८ को (हाल बिरगंज म.न.पा., वडा नं. २५) बस्ने **रामेश्वर साह कानु ।**<br>व्यक्तिगत जमानी दिने<br>**लिलावती देवी**<br>**प्रमोद साह कानु**<br>**अशोक साह कानु**<br>**विनोद साह कानु** | ऋणी **रामेश्वर साह कानु**को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, साविक मनियारी गा.वि.स., वडा नं. ७ को (हाल बिरगंज म.न.पा., वडा नं. २५) स्थित कित्ता नं. ७४ को क्षेत्रफल ०–०–२–८, ऐ. ऐ. कित्ता नं. ७८ को क्षेत्रफल ०–०–९–४, ऐ. कित्ता नं. ८४ को क्षेत्रफल ०–०–३–५ (विघा) जग्गा । |
| ४. सतार मियाको नाति, मुस्लिम मिया घोवीको छोरा, पर्सा जिल्ला, साविक वीरगंज उ.म.न.पा., वडा नं. १४ (हाल वीरगंज म.न.पा., वडा नं. ११) बस्ने **महमद निजामुदिन ।**<br>व्यक्तिगत जमानी दिने<br>**पुजा बस्नेत** | ऋणीको कर्जा तमसुक र प्रतिज्ञा पत्र । |
| ५. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, वीरगंजमा प्रा.फ.र.नं. २२१९९/०६१/६२ कायम भई मिति २०६१/११/१३ मा दर्ता भएको **ॐ ट्रेडर्स ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**शिला कुमारी**<br>व्यक्तिगत जमानी दिने<br>**अखिलेश्वर प्रसाद गुप्ता** | भरत साह कानुको बुहारी, रामधार साह कानुको छोरी, अखिलेश्वर प्रसाद गुप्ताको पत्नी, पर्सा जिल्ला, वीरगंज म.हा.न.पा., वडा नं. ६ बस्ने **शिला कुमारी**को नाममा दर्ता कायम रहेको साविक पर्सा जिल्ला, नगवा गा.वि.स., वडा नं. ८ स्थित कित्ता नं. ६८१ को क्षेत्रफल ०-०-१५-०, ऐ.ऐ. कित्ता नं. ८६९ को क्षेत्रफल ०-०-७-१ (विघा) जग्गा र घर समेत । |
| ६. योगि साहको नाति/नातिनी बुहारी, भरत साह कानुको छोरा/बुहारी, पर्सा जिल्ला, वीरगंज म.हा.न.पा., वडा नं. ६/८ बस्ने **अखिलेश्वर प्रसाद गुप्ता/शिला कुमारी ।**<br>संस्थागत जमानी दिने<br>**ॐ ट्रेडर्स**<br>**ए आर एस के ओभरसिज** | |
| **शाखा कार्यालय : टाँडी, चितवन**<br>१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं १४८८/७३/०७४ कायम भै मिति २०७४।३।१५ मा दर्ता भएको **लजिक सप्लायर्स ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**राम प्रसाद लम्साल**<br>व्यक्तिगत जमानी दिने<br>**सन्ध्या लम्साल** | फणिन्द्र प्रसाद लम्सालको बुहारी, राम प्रसाद लम्सालको पत्नी, चितवन जिल्ला, साबिक पिठुवा गा.वि.स., वडा नं. ५ को हाल परिवर्तित बागमती प्रदेश, चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १४ बस्ने **सन्ध्या लम्साल**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साबिक पंचकन्या गा.बि.स., वडा नं. ५क (हाल परिवर्तित बागमती प्रदेश, चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १३ स्थित) कि.नं. ७४९ को क्षेत्रफल ०-०-१०-० (विघा) जग्गा र घर समेत, ऐ. वडा नं. ९क को हाल परिवर्तित वडा नं. १३ स्थित कि.नं. २५५३ को क्षेत्रफल २०५.७० व.मि. जग्गा समेत । |
| २. फणिन्द्र प्रसाद लम्सालको बुहारी, राम प्रसाद लम्सालको पत्नी, चितवन जिल्ला, साबिक पिठुवा गा.वि.स., वडा नं. ५ को हाल परिवर्तित बागमति प्रदेश, चितवन जिल्ला, रत्ननगर न.पा., वडा नं. १४ बस्ने **सन्ध्या लम्साल ।**<br>व्यक्तिगत जमानी दिने<br>**राम प्रसाद लम्साल** | ऋणी **सन्ध्या लम्साल**को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, साबिक पिठूवा गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित रत्ननगर न.पा., वडा नं. ०३) स्थित कित्ता नं. २७११ को क्षेत्रफल ०–०–१४.५०–०, ऐ. कित्ता नं. २७१६ को क्षेत्रफल ०–०–४.५–०, ऐ. कित्ता नं. ३६०५ को क्षेत्रफल ०–०–१६.२५–०, ऐ. कित्ता नं. २७०७ को क्षेत्रफल ०–०–१६.५–०, ऐ. कित्ता नं. ३६०७ को क्षेत्रफल ०–०–३.७५–० (विघा) जग्गा समेत । |
| **शाखा कार्यालय : भरतपुर, चितवन**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. नम्बर ४०६४/०५२/५३ कायम भइ मिति २०५२/६/२६ मा दर्ता भएको **सुविस पोल्ट्री प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**सुनिल कुमार शाक्य** | ऋणी **सुविस पोल्ट्री प्रा. लि.** को नाममा दर्ता कायम रहेको :<br>i. चितवन जिल्ला, साविक चैनपुर गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. २) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–१४–०–० विघा जग्गा,<br>ii. चितवन जिल्ला, साविक चैनपुर गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. २) स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०–१७–१४–० विघा जग्गा,<br>iii. चितवन जिल्ला, साविक चैनपुर गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित खैरहनी न.पा., वडा नं. २ ) स्थित कित्ता नं. ३५२३ को क्षेत्रफल ३७९२.८४ (ब.मी.) जग्गा समेत । |
| **शाखा कार्यालय : सल्यान**<br>भिम बहादुर वलीको नाति, चित्र बहादुर वलीको छोरा, सल्यान जिल्ला, शारदा न.पा., वडा नं. ०२ बस्ने **बिमल वली ।**<br>व्यक्तिगत जमानी दिने<br>**चित्र बहादुर वली**<br>**लक्ष्मी वली**<br>**विकास वली** | पलु बहादुर वलीको नाति, भिम बहादुर वलीको छोरा, सल्यान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ४ (हाल शारदा न.पा., वडा नं. ०२) बस्ने **चित्र बहादुर वली**को नाममा दर्ता कायम रहेको साविक सल्यान जिल्ला, खलंगा गा.वि.स., वडा नं. २ को (हाल शारदा न.पा., वडा नं. ०१) स्थित कित्ता नं. ३९४४ को क्षेत्रफल ०-४-०-० (रो.आ.पै.दा.) जग्गा समेत । |

> सर्वोत्तम व्यावसायिक विचार सधैं ग्राहकका समस्या समाधान गर्ने सोचबाट जन्मिन्छ ।
> **- क्लेटन क्रिस्टेन्सन**

सम्पादकीय

# उपभोक्ता अधिकारमा थप आयाम

**नेपालमा हरेकजसो क्षेत्रमा आफू ठगिएको गुनासो उपभोक्ताले गर्ने गरे पनि उनीहरूको कानूनी उपचार भने खोजेको पाइँदैन । यसो हुनुको एउटा प्रमुख कारण मुद्दामामिलामा रहेको झमेला नै हो । आइतवारबाट सरकारले उपभोक्ता अदालत गठन गरेपछि मुद्दामामिलामा गर्न केही सहज हुने भएकाले सचेत उपभोक्ता ठगिने क्रम कम हुने विश्वास गर्न सकिन्छ । यद्यपि यो अदालत बनाउनुमात्र पर्याप्त छैन ।**

**उपभोक्ता संरक्षण ऐन जारी भएको ६ वर्षपछि उपभोक्ता अदालत सञ्चालनमा आएको हो । अब कुनै पनि उपभोक्ताले आफू ठगिएको गुनासो लिएर उपभोक्ता अदालतमा मुद्दा हाल्ने र क्षतिपूर्ति पाउने बाटो खुलेको छ । यो विशेष प्रकारको अदालत हो, जहाँ कालोबजारी र महँगीसम्बन्धी मुद्दाको निरूपण गर्ने र ठगिएका उपभोक्तालाई कानूनबमोजिम क्षतिपूर्ति भराउने काम गरिन्छ । विशेष गरी ३ लाख रुपैयाँभन्दा धेरै जरीवाना र १ वर्षभन्दा बढी कैद सजाय तोक्नुपर्ने खालका मुद्दा यो अदालतले हेर्ने कानूनी व्यवस्था छ । त्योभन्दा कम सजाय हुने मुद्दा वाणिज्य विभागले नै हेर्नेछ ।**

**उपभोक्ता संरक्षण ऐन, २०७५ को प्रस्तावनाले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने, उपभोक्तालाई प्राप्त हक प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्ने र उपभोक्तालाई हुन सक्ने हानिनोक्सानीबापत क्षतिपूर्ति उपलब्ध गराउनेजस्ता विषय यस अदालतले हेर्नेछ । तर, अहिले यो अदालतको कार्य क्षेत्र काठमाडौं उपत्यकाका तीन जिल्लामात्र रहेका छन् । ठगीको कसुर मुलुकभरि नै व्याप्त रहेको देखिएकाले यस्तो अदालत प्रारम्भिक रूपमा स्थानीय तहमा नै हुनुपर्छ र त्यसपछि माथिल्लो तहको अदालत मात्रै जिल्ला, प्रदेश र संघीय तहमा हुनु उपयुक्त हुन सक्छ । उपभोक्ता ठगिने भनेको ठूलो रकमको कम हुन्छ तर सानातिना ठगी नै धेरै हुन्छ । यस्ता सानातिना ठगीलाई रोक्न पनि अदालत जान सहज व्यवस्था हुनुपर्छ । उपभोक्ता अदालत गठन नभएका बेला पनि उपभोक्ताले अदालत जाने बाटो खुला थियो । केहीले अदालतमा मुद्दा दायर गरे । आफ्नो अधिकार प्राप्त गरेको र ठगी गर्ने संस्था कारबाहीमा परेको समेत पाइन्छ । त्यसका लागि विशेष अदालत थिएन । तैपनि उपभोक्ताकै हितका लागि अलग उपभोक्ता अदालत गठन हुनु सकारात्मक कदम हो । तर, कानूनमा व्यवस्था गर्दैमा सबैले न्याय पाउँछन भन्ने हुँदैन । त्यसका लागि सबैभन्दा पहिले उपभोक्ता सचेत हुनुपर्‍यो । आफूले खरीद गरेको सेवा वस्तुका बारेमा सही जानकारी लिनुपर्‍यो । कमसेकम उपभोग्य वस्तुको एक्सपायर हुने मिति, त्यो वस्तुको गुणस्तर, मूल्य, नक्कली उत्पादन हो कि सक्कली हो, बिक्रीकर्ताले गरिको प्रतिबद्धता र वारेन्टीजस्ता कुरामा उपभोक्ता सचेत हुनुपर्छ । त्यससम्बन्धी जानकारी राख्ने र वस्तु वा सेवा खरीद गर्दा त्यसको प्रत्याभूति गरिएको छ कि छैन भन्ने समेत उपभोक्ताले थाहा पाउनुपर्छ । तर, नेपालमा यी सबै कुरा हेरेर सामान किन्ने प्रवृत्ति नै कम छ । आफूले सामान खरीद गरिसकेपछि बिल लिनु अनिवार्य हुन्छ तर नेपालमा बिल लिने र दिने नै प्रचलन ज्यादै कम छ । बिल नभई अदालतमा उजुरी हाल्न पाइँदैन । त्यसैले पहिले त बिल लिने बानी बसाल्न आवश्यक छ । अदालतमा उजुरी दिने प्रक्रिया सजिलो हुनुपर्छ तर जानाजान कुनै कम्पनीलाई नोक्सान पुग्नेगरी बदनाम गर्न उजुरीको सहारा लिने प्रवृत्तिमा भने ज्यादै कडाइ हुनुपर्छ किनभने कुनै कुनै कम्पनीले सयौं वर्ष लगाएर बनाएको पहिचान, ब्रान्ड मूल्यजस्ता कुरा कुनै व्यक्तिले गलत आरोप लगाएर ध्वस्त बनाउन सक्ने अवस्था राखिनुहुन्न । उपभोक्ताको अधिकार कतिसम्म सुनिश्चित गरिएको हुन्छ भन्ने कुरा हालै कफी कम्पनीको गल्तीका कारण डेलिभरी बायलाई कफीले पोलेर बिरामी भएपछि अमेरिकामा कम्पनीबाट घाइतेका लागि क्षतिपूर्ति भनी ७ अर्ब नेपाली रुपैयाँ बराबरको क्षतिपूर्ति दिलाएको थियो ।**

- **नेपालमा बिल लिने र दिने नै प्रचलन ज्यादै कम छ ।**
- **बिनाबिल अदालतमा उजुरी गर्न पाइँदैन ।**
- **उपभोक्ताको मुद्दा सरकारले आफै सित्तैमा लडिदिनुपर्छ ।**

**अदालत सञ्चालनमा आएपछि पक्कै पनि अहिलेको भन्दा बढी उपभोक्ता अधिकारको संरक्षण हुने विश्वास गर्न सकिन्छ । तर, अदालत बनाउनुमात्र पर्याप्त छैन । पहिलो त चेतना दिन आवश्यक छ । अर्को नेपालमा कानूनको उल्लंघनलाई सामान्य रूपमा लिने गरिएको छ जुन एकदम गलत छ । कानूनको नजरमा दोषी भएपछि उसले पाउने सजाय कडा हुनुपर्छ । त्यसो भयो भने कानूनको पालना गर्न नागरिकलाई उत्साहित गर्न सकिन्छ । त्यस्तै यस्ता मुद्दा सरकारले आफै सित्तैमा लडिदिनुपर्छ ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट


## रेस्टुराँमा खाना फाले जरिवाना

विश्वमा बाँकी खाना फाल्ने समस्या विकराल रहेको हालैका विभिन्न अध्ययनहरूले देखाइरहेका छन् । केही अघि मात्रै एक अध्ययनमा त अमेरिकीहरूले झन्डै आफूले पकाएकोमध्ये आधाभन्दा बढी खाना खेर फालिरहेको पाइएको थियो । त्यसैगरी अर्को एक अध्ययनमा विश्वभरि कुल पकाइएकोमध्ये एक तिहाइ हिस्सा नखाइकनै खेर फालिने गरेको तथ्य सार्वजनिक गरेको थियो । यसबाट भोकमरीले ग्रस्त अफ्रिकी देशहरूका मानिसहरूले प्राप्त गर्न सक्ने खाद्यान्न त्यसै नष्ट भइरहेको ती अध्ययनले जिकीर गरेका थिए । तर, अब एक जापानी रेष्टुराँले विकराल बनेको यो समस्या घटाउन अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ ।

**वर्ष ८, अंक १५१, आइतवार, ६ फागुन, २०६९**

# अवास्तविक बजेट सिलिङले निम्त्याउने समस्या

## नारामा यथार्थपरक तर व्यवहारमा हचुवा



**कठोरतापूर्वक कर्मचारी समायोजन गर्नुपर्ने, ज्येष्ठ नागरिक भत्ता, पेन्सन भत्तामा सुधार गर्नुपर्ने, सैनिकको संख्या माओवादी द्वन्द्व अगाडिको अवस्थामा ल्याउने, संघ प्रदेशको राजनीतिक संरचनामा मितव्ययी रूपमा नगर्ने हो भने मुलुक आर्थिक रूपमा असफल राज्य हुनेछ ।**

**हरि गौतम**

राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष (आव) २०८२/८३ को बजेट सिलिङ करीब १९ खर्ब रुपैयाँ तोकेको छ । आयोगले गत मङ्गलवार अर्थ मन्त्रालयमा पेश गरेको राष्ट्रिय स्रोत अनुगमन तथा खर्च सीमा निर्धारणसम्बन्धी प्रतिवेदन २०८१ मा उक्त सिलिङ तोकिएको हो । समितिले तोकेको बजेटको सिलिङ चालू आवको भन्दा करीब ४० अर्ब अथवा १२ प्रतिशत बढी हो । उल्लिखित सिलिङको बजेटमा स्रोत जुटाउन करीब १० प्रतिशत राजस्व बढाउनुपर्ने भएकाले आगामी वर्ष लागि राजस्व सङ्कलनको लक्ष्य करीब १२ खर्ब रहनेछ । त्यस्तै वैदेशिक सहायता २८ प्रतिशतले बढाएर पौने ३ अर्ब पुर्‍याउन आयोगले सुझाव दिएको छ । वैदेशिक अनुदान २२ प्रतिशत, वैदेशिक ऋण ३० प्रतिशत र आन्तरिक ऋण ८ प्रतिशतले बढाउन आयोगले सुझाव दिएको छ ।

### विनियोजनमै बदमासी

यस वर्ष विनियोजित बजेटको करीब ३९ प्रतिशत चालू खर्चका लागि विनियोजन गरिएकोमा आगामी वर्ष चालू खर्चको अंश घटाएर ३८ प्रतिशत गर्ने परिकल्पना गरिएको छ । आगामी वर्षका लागि कुल बजेटको २० प्रतिशत पूँजीगत खर्च, १९ प्रतिशत वित्तीय व्यवस्थापन र २२ प्रतिशत वित्तीय हस्तान्तरणको लागि विनियोजन गर्न निर्देश गरिएको छ । यस सरकारले शुरूमा १८ खर्ब ४० अर्बको बजेट घोषणा गरिएकोमा अर्धवार्षिक समीक्षामार्फत १६ खर्ब ९२ अर्ब ७३ करोड रुपैयाँ कायम गरिएको छ । अर्थात् पेश गरिएको बजेटमा रु १ खर्ब ६८ अर्ब घटाइएको छ । शुरूमा मनपरी बजेट राख्ने अनि अर्धवार्षिक समीक्षामार्फत कटौती गर्ने विकृति यस वर्ष पनि दोहोरिएको छ । गत आवमा तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतले अर्धवार्षिक समीक्षामार्फत २ खर्ब २१ अर्ब बजेट घटाएका थिए भने आव २०७९/८० मा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विनियोजित बजेटमा १४ प्रतिशत अर्थात् २ खर्ब ४४ अर्ब घटाएका थिए ।

बजेट सिलिङ तोक्ने बेलामा आगामी वर्षको बजेट यथार्थपरक हुनेछ भनी योजना आयोग अनेकौं फूल बुट्टा भर्छ तर कार्यान्वयन वास्तविक भएन भनेर कहिल्यै पनि प्रतिप्रश्न गर्दैन । यसै विडम्बनाका कारण उसले उत्तरदायी हुनुपर्ने अवस्था रहँदैन । आगामी आवका लागि ६ दशमलव ६ प्रतिशत आर्थिक वृद्धि, ६ प्रतिशत मूल्यस्फीतिको लक्ष्य राखिएको छ ।

### बजेट सिलिङ हचुवामा

अब यस वर्षको संशोधित लक्ष्य र आगामी वर्षको बजेट सिलिङबारे मिहिन समीक्षा गरौं । अहिलेसम्मको सरकारको कामको प्रकृति र खर्च गर्ने तरीका हेर्दा यस वर्ष बजेटका संशोधित लक्ष्य पनि नपुग्ने स्पष्ट देखिन्छ । बजेटको आकार घटाएसँगै चालू खर्च १० खर्ब २९ अर्ब ३० करोड, पूँजीगत खर्च २ खर्ब ९९ अर्ब ५० करोड ९ लाख कायम भएको छ ।

विगत ४, ५ वर्षको तथ्यांक हेर्दा सरकार राजस्व सङ्कलन तथा खर्च प्रणालीमा मोटामोटी असफल भइसकेको छ । सरकारलाई जसरी पनि चालु खर्च बढी गर्नुपर्ने हुन्छ । त्यसका लागि स्रोत देखाउनुपर्‍यो । भन्सार, राजस्व उठ्ने वास्तविक अवस्था देखायो भने सरकारलाई चालू खर्च गर्न बजेटको सिलिङ नै पुग्दैन । अनि हचुवाको भरमा राजस्वको अनुमान गर्‍यो, बजेट बनायो । त्यो कार्यान्वयन हुँदैन अनि संशोधन गर्‍यो । यस्तो प्रवृत्ति मौलाउँदो छ । यसो गर्दा सरकार जिम्मेवार हुनु पर्दैन ।

- **हामीकहाँ भ्रष्टाचार छ, सुशासन छैन, आर्थिक पारदर्शिता छैन । अनि विदेशका जनताले तिरेको कर भ्रष्टाचार गर्न देशलाई किन दिन्छन् ?**
- **शुरूमा मनपरी बजेट राख्ने अनि अर्धवार्षिक समीक्षामार्फत कटौती गर्ने विकृति यस वर्ष पनि दोहोरिएको छ ।**
- **हामी धेरैजसो ऋण मुलुकको भलाइभन्दा निजी निहित स्वार्थ र लहडका भरमा लिन्छौं । संशोधित लक्ष्यको ८५ प्रतिशत प्राप्त भयो भने पनि उपलब्धि मान्नुपर्ने अवस्था छ ।**

### घट्दो विकास खर्च, बढ्दो चालू खर्च

आजको मुलुकको बजेट व्यवस्थापनको मुख्य समस्या भनेको चालू खर्चको अत्यधिक वृद्धि, पूजीगत खर्चको घट्दो आकार, बढ्दो वित्तीय व्यवस्थापन खर्च हो । माओवादी हिंसात्मक द्वन्द्व शुरू भएपछि नै सरकारले विकासका कार्यहरू घटाउँदै लग्यो, चालू खर्च बढाउँदै लग्यो, वित्तीय व्यवस्थापन खर्च बढ्दै गयो अनि वास्तविक आकारमा बजेट बन्न नै सकेन । कुनै पनि सरकारको बजेटको प्राथमिकता पूँजीगत खर्च बढाउनुमा हुनुपर्छ । पूँजीगत खर्चले गर्दा राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्छ । त्यसतर्फ लामो समयदेखि सरकारको ध्यान गएको छैन ।

### अपेक्षाअनुसार उठ्दैन राजस्व

अब आगामी वर्षको सरकारले तोकेको बजेट सिलिङको वास्तविक अवस्थाबारे चर्चा गरौं । सरकारले यस वर्ष विनियोजित बजेटभन्दा आगामी वर्ष करीब १० प्रतिशत बजेट सिलिङ तोकेको छ । तर, यस वर्ष विनियोजित बजेटमा नै सरकारले अर्धवार्षिक समीक्षामा १० प्रतिशतभन्दा बढी घटाएको छ । घटाएको लक्ष्य प्राप्ति हुने पनि कुनै ठोस आधार छैन । संशोधित लक्ष्यको ८५ प्रतिशत प्राप्त भयो भने पनि उपलब्धि मान्नुपर्ने अवस्था छ । आगामी वर्षमा राजस्व उठाउन करीब १२ खर्ब रुपैयाँ आन्तरिक स्रोतबाट उठाउने उल्लेख छ । त्यो नै वास्तविक छैन । देशमा उद्योगधन्दाको वृद्धि भएको छैन । आयात निर्यात व्यापार संकुचित छ । सीमाक्षेत्रमा अवैध व्यापारको बिगबिगीको कारण भन्सार राजस्वमा नकारात्मक प्रभाव परेको छ । राजस्वका मुख्य स्रोत जस्तै : पेट्रोलियम प्रोडक्ट, मोटर तथा मोटर पार्टसहरूको आयात घट्दो छ । अहिले नै राजस्वको बढ्दो दबाबले गर्दा चोरीपैठारी बढ्दो छ । सरकारले राजस्वको दर होइन, दायरा बढाउन नयाँ स्रोत पत्ता लगाउन सकेको छैन । राजस्व प्रशासनको अनावश्यक दबाब, बढ्दो भ्रष्टाचार, स्थानीय निकायको असहयोगी व्यवहार, बैंकहरू उद्योग व्यवसाय मैत्री नहुनु, अवैध कारोबारको बिगबिगीले गर्दा उद्यमी व्यवसायीहरू आफ्नो कारोबार संकुचन गरी पर्ख र हेरको अवस्थामा छन् । यस्तो अवस्थामा सरकारले अपेक्षा गरेको राजस्व उठ्न सम्भव नै छैन ।

### वैदेशिक सहायताको हास्यास्पद अपेक्षा


सरकारले गतवर्षभन्दा २८ प्रतिशत बढी वैदेशिक सहायताको परिकल्पना गरेको छ । यो नै हास्यास्पद छ । विगत १० वर्षदेखि हामीले बजेटमा पेश गरेको वैदेशिक सहायताको लक्ष्यको १० प्रतिशतभन्दा बढी कहिल्यै पनि प्राप्त गरेको छैन । यस वर्ष पनि लक्ष्यको १० प्रतिशत मात्र प्रगति हुने अनुमान छ । यस्तो अवस्थामा कसरी यस वर्षको लक्ष्यको २८ प्रतिशत बढी वैदेशिक सहायता प्राप्त हुन्छ ? यो गम्भीर प्रश्न छ । पुनः अहिले अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प आएपछि त वैदेशिक सहायताको नीतिमा नै प्रश्नवाचक चिह्न लागेको अवस्था छ । अर्कोतर्फ कुनै मित्रराष्ट्रले हामीलाई नि वैदेशिक सहायता दिने ? हामीकहाँ भ्रष्टाचार छ, सुशासन छैन, आर्थिक पारदर्शिता छैन । उसको जनताले तिरेको कर के भ्रष्टाचार गर्नलाई दिने ? भन्ने प्रश्न उठिरहेको छ । यस्तो अवस्थामा सरकारलाई चालू खर्च बढी गर्न स्रोत देखाउने उद्देश्यले मात्र वैदेशिक सहायताको अंक ठूलो देखाएको भनी सजिलै बुझ्न सकिन्छ ।

### बढ्दो वित्तीय व्यवस्थापन तथा हस्तान्तरण

हाम्रो अर्को समस्या भनेको वित्तीय व्यवस्थापन तथा वित्तीय हस्तान्तरणको समस्या हो । यो शीर्षकमा हरेक वर्ष बजेट बढिरहेको छ । हामी धेरैजसो ऋण मुलुकको भलाइभन्दा निजी निहित स्वार्थ र लहडका भरमा लिन्छौं । किन चाहियो चोभारमा सुक्खा बन्दरगाह ? भैरहवा वा पोखरामा अन्तरराष्ट्रिय विमानस्थल, त्यसको सट्टा आर्थिक रूपमा सम्भव भएको निजगढमा चलाएको भए हवाई क्षेत्रमा कोसेढुङ्गा हुने थियो । किन चाहियो प्रधानमन्त्री रोजगार कार्यक्रम ? ऋण लिएर किन बनाउनुपर्‍यो राष्ट्रिय परिचयपत्र ? यस्ता सयौं उदाहरण छन् जो माफिया र राजनीतिक नेतृत्वको स्वार्थमा हामीले वैदेशिक ऋण लियौं । फलतः यो ऋण नै समस्या हुने अवस्था आउन थाल्यो । जम्माजम्मी आन्तरिक राजस्व ११ खर्ब उठ्यो भने खुशी मान्नुपर्ने अवस्था छ । त्यसमा १२ खर्ब जति चालू खर्च हुने, आगामी वर्ष ५ खर्बभन्दा बढी वित्तीय व्यवस्थापन र वित्तीय हस्तान्तरणमा हुने भएपछि अब कुन रकमले पूँजीगत खर्च गर्ने ? ठूलो समस्या छ । वैदेशिक सहायता १० प्रतिशतभन्दा बढी उठ्दैन । आन्तरिक ऋण लिँदा नेपाल राष्ट्र बैंकले जनताको बचत खिचेर लिँदा उद्योगी व्यवसायीले पाउने ऋण पाउन बैंकसँग पैसा हुँदैन । पुनः महँगो दरमा आन्तरिक ऋण लिँदा आगामी वर्ष त्यसको तिर्नुपर्ने साँवा ब्याजले गर्दा अझ ठूलो समस्या आउँछ । अहिले पनि सरकार मुलुकको आर्थिक अवस्थामा टालटुले नीति लिइरहेको छ । कठोरतापूर्वक कर्मचारी समायोजन गर्नुपर्ने, ज्येष्ठ नागरिक भत्ता, पेन्सन भत्तामा सुधार गर्नुपर्ने, सैनिकको संख्या माओवादी द्वन्द्वअगाडिको अवस्थामा ल्याउने, संघ प्रदेशको राजनीतिक संरचनामा मितव्ययी रूपमा नगर्ने हो भने मुलुक आर्थिक रूपमा असफल राज्य हुनेछ ।

*लेखक वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन् ।*

# विद्युतीय गाडीलाई गरिएको भेद



**सेकेन्ड ह्यान्डमा विद्युतीय गाडी बेच्नु पर्दा इन्धन गाडीझैं मूल्यांकन नहुने पक्ष पनि करीब करीब निश्चित नै छ । त्यसैले अहिले त्यसमा लगानी गर्दा बैंकको लगानी र सर्वसाधारण दुवै डुब्ने जोखिम उत्तिकै हुन्छ ।**

**- द्वैपायन रेग्मी**

ब्याट्री र इन्भर्टर विक्री होस् भन्ने उद्देश्य लिएर एक समूहले उक्त समयमा लोडशेडिङलाई निरन्तरता दिन हदैसम्म प्रयास गरेको थियो । आफ्नो व्यापार नै पहिलो उद्देश्य रहँदा बाँकी पक्ष न उनीहरूको ध्यानमा थियो, न चासो । अन्धकार फैलिरहँदा उनीहरूको घरमा बत्ती बलिहाल्थ्यो । शायद त्यही नै उनीहरूको उद्देश्य पनि थियो । लोडशेडिङको यो तीतो इतिहास हामीले सजिलै भुल्न हुँदैन किनभने त्यो सबै खेपेर हामी हुर्किएका हौं । यहाँबाट सिक्नुपर्ने प्रमुख पाठ के हो भने कोही शक्तिमा छ भने उसले आफ्नो व्यक्तिगत हितका लागि जे अनि गर्न सक्छ । चाहे त्यो गर्न हुने कार्य होस् या नहुने ।

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत व्यक्तिगत सवारीसाधन र सबै प्रकारका विद्युतीय सवारीसाधनको ऋण मूल्य अनुपातको सीमालाई ६० प्रतिशत कायम गरिएको छ । सामान्य तरीकाले यसलाई बुझ्दा विद्युतीय गाडीमा हिजो प्रदान गरिँदै आएको ८० प्रतिशतको सीमा घटाई केही कडाइ गरिएको देख्न सकिन्छ । त्यसै गरी आईसीई इन्जिन, अर्थात् पेट्रोल र डिजेलबाट चल्ने गाडीलाई भने केही खुकुलो नीति अपनाइएको छ । विद्युतीय गाडीमा २० प्रतिशत सीमा घटाइएको र आईसीई गाडीमा १० प्रतिशत बढाइएको देखिन्छ । सरकारले विद्युतीय गाडीका लागि उदार नीति लिने भने तापनि नेपाल राष्ट्र बैंकले उक्त नीतिविपरीत फरक नीति ल्याएको छ । सामान्य भाषामा यसलाई अर्धवार्षिक नीतिमार्फत विद्युतीय सवारीका लागि दिइएको सुविधा कटौती गरिएको भन्दा फरक पर्दैन ।

यसलाई केही हदसम्म सकारात्मक दृष्टिकोणले हेर्न सकिन्छ । साँघुरो सडकमा अहिले बढिरहेको सवारी चापका पछाडिको एउटा प्रमुख कारक नै बैंकहरूले प्रदान गर्ने गरेको कर्जा हो । फेरि विद्युतीय गाडीले विगत केही समयमा यसरी आफ्नो प्रभाव जमाइरहेको छ, जसले गर्दा ठूलो चाप बढेको देख्न सकिन्छ । ८० प्रतिशतसम्म कर्जा प्रवाह गर्दा गाडी किन्नकै लागि २० प्रतिशत मात्रै रकम जोहो गर्न सकेमा सजिलै गाडी किन्न सक्ने व्यवस्था कायम रहँदा आफ्नो हैसियतभन्दा माथि गएर गाडी किन्ने जमात थियो जसलाई निरुत्साहित गर्ने योजना लिइएको हुन सक्छ । यसले गर्दा आम सर्वसाधारण आफ्नो वित्तीय अवस्थालाई भार पार्नबाट वञ्चित हुन्छन् र कमाइअनुसारको जीवनस्तर बाँच्ने आधार निर्माण गर्छन् । फेरि यी विद्युतीय गाडीको धेरै लामो इतिहास पनि त छैन । इन्धनबाट चल्ने गाडी झैं किनेपछि वर्षौं चल्ने सुनिश्चितता अझै पनि छैन । भोलिका दिनमा ब्याट्री वा अन्य उपकरणमा समस्या आएमा कसरी बनाउने केही अनुभव पनि छैन । फेरि सेकेन्ड ह्यान्डमा यी गाडी बेच्नु पर्दा इन्धन गाडीझैं मूल्यांकन नहुने पक्ष पनि करीब करीब निश्चित नै छ । त्यसैले अहिले त्यसमा लगानी गर्दा बैंकको लगानी र सर्वसाधारण दुवै डुब्ने जोखिम उत्तिकै हुन्छ । यी सबै पक्षलाई हेर्दा नेपाल राष्ट्र बैंकले अपनाएको नीतिमा तुक देखिन्छ । तर, लोडशेडिङलाई निरन्तरता दिन लागिपर्ने समूह रहेको यस मुलुकमा माथि उल्लिखित कारणकै लागि उक्त नीति अवलम्बन गरिएको भनेर सहजै भन्न चाहिँ सकिँदैन । यहाँ सबै कुरा नियतमा नै गएर अड्किन्छ ।

सडकमा गुड्ने अहिले नयाँ लटका गाडीहरू हेर्ने हो भने प्रायः विद्युतीय गाडी देखिन्छन् । अझ नियालेर हेर्ने हो भने चिनियाँ गाडी देखिन्छन् । अर्थतन्त्रको अवस्थाले गति नलिँदा पनि यहाँ विद्युतीय सवारीले आफ्नो विक्रीदर घटाएको थिएन । भारतीय कम्पनीहरूको दबदबा रहेको नेपाल भारतका लागि सानो तर एकदमै सम्भावना पूर्ण बजार रहेको छ । यसै बजारमा अन्यले आँखा लगाएर आफ्नो हुँदाखाँदाको व्यापारलाई प्रभावित पारेपछि केही महीना अगाडि भारतीय गाडी विक्रेता कम्पनी हूल बाँधेर नै नेपाल आएर विभिन्न नेतृत्वसँग भेट गरेकै थिए । स्पष्ट बुझ्न सकिन्छ, उनीहरू आफ्नो विक्री र बजारलाई प्राथमिकता प्रदान गर्न लागिपरेका थिए । भनौं नेपालमा कयौं निकायलाई आफ्नो पक्षमा पार्न नेपाल आएका थिए । त्यसैको प्रतिफल यस नीतिमा देखिएको पनि हुन सक्छ । आखिर नीति आइसकेपछि पनि त्यसको विरोध गर्ने, विपक्षमा रहेर कुनै प्रकारको कटाक्ष गर्ने कतै भएन । अहिले भारतकै सडकमा हेर्ने हो भने पनि दुई तीनओटा भारतीय कम्पनी जसले विद्युतीय गाडी विक्री गर्छ, त्यसबाहेक अन्य विद्युतीय गाडी देखिँदैनन् । आफ्नो मुलुकमा त प्रभुत्व जमाउन पाइयो तर नेपालमा आफ्नो स्थान ओगटेर अरूले स्थान निर्माण गरेकोलाई 'खुला बजार' भन्दा पनि बढी व्यावसायिक प्रतिस्पर्धाका रूपमा लिनु उनीहरूका लागि एउटा स्वाभाविक कदम हो ।

- **अहिले बढिरहेको सवारी चापको पछाडिका एउटा प्रमुख कारक बैंकहरूले प्रदान गर्ने गरेको कर्जा नै हो ।**
- **विद्युत् प्राधिकरणकै तथ्यांकअनुसार विद्युतीय सवारीको प्रयोगले गर्दा नेपालमा अहिले २२ लाख अमेरिकी डलर बराबरको इन्धन आयात घटेको छ ।**
- **अर्थतन्त्रले गति नलिँदा पनि यहाँ विद्युतीय सवारीको विक्रीदर घटेको छैन ।**
- **भारतीय कम्पनीहरूको दबदबा रहेको नेपाल भारतका लागि सानो तर एकदमै सम्भावना पूर्ण बजार हो ।**

अर्को पक्षलाई हेर्दा विद्युत् प्राधिकरणकै तथ्यांकअनुसार विद्युतीय सवारीको प्रयोगले गर्दा नेपालमा अहिले २२ लाख अमेरिकी डलर बराबरको इन्धन आयात घटेको छ । हिजो ५००० तिरेर डिजेल हाल्नुपर्ने सवारीले आज ८०० रुपैयाँमा आफ्नो सवारी चार्ज गरेर उत्तिकै मात्राको यात्रु बोकेर यात्रा गर्न सक्ने भएका छन् । काठमाडौंबाट वीरगञ्जलगायत क्षेत्र होस् या अन्य छोटो दूरीका क्षेत्र विद्युतीय गाडीले बजार लिएकै देखिन्छ । २६ हजार मेगावाटसम्मको विद्युत् उत्पादन क्षमता भएको नेपालमा यसरी नै विद्युतीय सवारी चल्ने हो भने इन्धन आयात गर्नुपर्ने बाध्यताबाट नेपाल बिस्तारै पर धकेलिने थियो । आज जसरी नेपालीहरूको भान्सामा विकल्पको रूपमा विद्युतीय (इन्डक्शन) चूल्हो रहन थालेको छ, त्यसरी नै विद्युतीय सवारी पनि हुन थाल्नेछ । विभिन्न सरोकारवालाको प्रक्षेपणअनुसार यही गतिले निरन्तरता पाएमा २०३० सम्ममा नेपालमा विक्री हुने कुल गाडीको ९० प्रतिशत विद्युतीय सवारी हुनेछ । यसले एकातर्फ त पेट्रोल डिजेलको गाडीको भविष्य नेपालबाट धरापमा पर्ने भयो भने अर्कोतर्फ नेपाललाई इन्धन बेचेर राम्रो आम्दानी गर्ने ओपेक राष्ट्र र कच्चा पदार्थ प्रशोधन गरेर मार्जिन राखेर राम्रो आम्दानी गरिरहेको भारतीय पक्षलाई प्रत्यक्ष असर पर्ने देखिन्छ ।

वातावरण मैत्री, सहज र सरल प्रकृतिको विद्युतीय गाडीहरूलाई बैंकहरूले त्यसै लगानी गरेका थिएनन्, आयस्रोत नियालेर नै गर्ने गरेका थिए । फेरि बैंकहरूले यस समयमा अन्य क्षेत्रमा कर्जा प्रवाह गर्न सकेको अवस्था पनि थिएन । यो एउटा नीतिले गर्दा गाडी किन्न उन्मुख केही समूहलाई अलि पछाडि चाहिँ धकेलेकै छ । हुनुपर्ने मात्रामा कर्जा प्रवाह नभइरहेको अवस्थामा कर्जालाई प्रोत्साहन गर्ने नीति ल्याएर अर्थतन्त्र चलायमान गरिनुपर्ने हुन्थ्यो तर त्यसविपरीत ल्याइएको यस नीतिको भित्री उद्देश्य नीति निर्मातालाई नै थाहा होला । आफ्नो अर्थतन्त्रलाई एउटा गति दिन मात्र नभएर आत्मनिर्भरतालाई प्रवर्द्धन गर्न पनि स्वदेशी उत्पादन र आफ्नो प्रतिस्पर्धात्मक गुणहरू पहिचान गरेर त्यसमा अडिग हुन आवश्यक छ । शंका गर्नुपर्ने कारण लोडशेडिङको इतिहासले ब्युँत्याउँछ र आम नागरिकले फरक कोणबाट सोच्नुपर्ने पनि हुन्छ । तर, आशा गरौं, यो असल नियत र आम नागरिकको हितकै लागि ल्याइएको नीति हो ।

*रेग्मी बैंकर हुन् ।*

**आदरणीय विज्ञ लेखकवर्ग, हामीले तपाईंको विषयविज्ञताका क्षेत्रमा अवधारणामूलक, समसामयिक र विचारोत्तेजक लेख तथा प्रतिक्रियाहरूलाई यथाशक्य स्थान दिनेछौं । लेखसँगै सङ्क्षिप्त परिचय र तस्वीरसमेत पठाउनुहुन अनुरोध छ । लेखरचना तथा प्रतिक्रियाका लागि**
**: abhiyaanoped@gmail.com**



तस्वीर : रासस

**ताप्लेजुङस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिर जाने पदमार्गमा डस्टबिन ओसार्दै भरिया । पाथीभरा क्षेत्र विकास समितिले पाथीभरा पदमार्गसहित मन्दिर परिसरको फोहर व्यवस्थापनका लागि तत्काल तीन दर्जनभन्दा बढी ठूलो आकारका डस्टबिन राख्ने तयारी गरेको जनाएको छ ।**

# भुमेथानलाई पर्यटकीय गन्तव्य बनाइँदै

पर्वत । धार्मिक एवं पर्यटकीय महत्त्वको भुमेथानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पर्वतको जलजला गाउँपालिका-७ धाइरिङमा ४ करोड रुपैयाँ लागतमा पूर्वाधार निर्माण थालिएको छ ।

सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय बागलुङले संघीय सरकारको ४ करोड बजेटमा बहुवर्षीय ठेक्का लगाएर विभिन्न संरचना निर्माण गर्न थालेको जनाएको छ । भुमेथान, शिवालय क्षेत्र पूर्वाधार निर्माण योजनामार्फत पर्यटकीय संरचना निर्माण गर्न लागेको कार्यालयका इन्जिनियर गोपिचन्द्र आचार्यले जानकारी दिए ।

योजनाअन्तर्गत भुमेथान परिसरमा ग्याबियन तथा मेसिनरी पर्खाल निर्माण, ढुंगा बिछ्याउने, शौचालय निर्माण र भुमेथानबाट बराह शिवालय मन्दिर जाने पदमार्ग निर्माण गरिने बताइएको छ । ५०० मिटर लामो उक्त पदमार्गको चौडाइ ३ मिटर हुनेछ ।

यसैगरी शिवालय क्षेत्रमा टेवा पर्खाल निर्माण गर्ने योजना रहेको इन्जिनियर आचार्यले जानकारी दिए । १८ महीनामा निर्माण सम्पन्न गर्ने कार्यालयको लक्ष्य रहेको उनले बताए ।

गौशाला, देवालय शिवालय र भुमेथान क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माण थालिएको जलजला गाउँपालिका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिए । गाउँपालिकाको मुख्य धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्ने उद्देश्यले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखिएको उनको भनाइ छ ।

**योजनाअन्तर्गत भुमेथान परिसरमा ग्याबियन तथा मेसिनरी पर्खाल निर्माण, ढुंगा बिछ्याउने, शौचालय निर्माण र भुमेथानबाट बराह शिवालय मन्दिर जाने पदमार्ग निर्माण गरिने बताइएको छ । ५०० मिटर लामो उक्त पदमार्गको चौडाइ ३ मिटर हुनेछ ।**

धाइरिङ भुमेथानस्थित भुमेठाकुरको दर्शन, पूजाआजा र भाकल गरेमा मनोकांकक्षा पूरा हुने धार्मिक जनविश्वासले वर्षेनि ५० हजारभन्दा बढी भक्तजन यहाँ आउने उनले बताए । अध्यक्ष आचार्यले भने, 'यस क्षेत्रका धार्मिकस्थलमा पूर्वाधार निर्माण गरी गौशाला, देवालय, शिवालय, भुमेथान, कालाञ्जर पर्वत र जलजला क्षेत्रलाई जोडेर धार्मिक सर्किटका रूपमा विकास गर्ने पालिकाको योजना छ ।'

संघ, प्रदेश र स्थानीय तहको लगानीमा अहिले कालाञ्जर, जलजला र गौशाला क्षेत्रमा पनि करीब ८ करोड रुपैयाँभन्दा बढी लगानीमा पूर्वाधार निर्माण शुरू गरिएको उनले बताए । प्रसिद्ध धार्मिकस्थल भुमेथानलाई धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्ने उद्देश्यले ११ करोड रुपैयाँ लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पारेर पहिलो चरणमा संघीय सरकारले ४ करोड रुपैयाँ बजेट स्वीकृत गरी योजना अघि बढेको जलजला गाउँपालिका-७ का वडाध्यक्ष टुंगनाथ आचार्यले बताए ।

भुमेथान क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण भएपछि धार्मिक पर्यटक आगमनमा थप वृद्धि हुने अपेक्षा गरिएको वडाध्यक्ष आचार्यले बताए । भुमेथानको दर्शन गर्न पर्वत, बागलुङ, म्याग्दी, कास्कीलगायत जिल्लाका साथै यस क्षेत्रबाट बसाइँसराइ गरेर बाहिर गएकाहरूको उल्लेख्य मात्रामा आउँछन् । यहाँ हरेक मंगलवार र शनिवार पूजाआजा हुन्छ । *रासस*

# विद्युतीय सवारीसाधन सञ्चालनसँगै सस्तियो पोखरा-बागलुङ यात्रा

गण्डकी । धवलागिरि-गण्डकी यातायात सेवा प्रालिले पोखरा-बागलुङ र पोखरा म्याग्दी चल्ने विद्युतीय माइक्रो बसको भाडादर समायोजन गरेको छ ।

कम्पनीले विद्युतीय गाडी सञ्चालन गरेको एक वर्ष पुगेको अवसरमा भाडादर घटाएको हो । पोखरा-बागलुङ यसअघि ४५० रुपैयाँ लिने गरेकोमा शुक्रवारदेखि ५० घटाएर ४०० रुपैयाँ कायम गरिएको प्रालिका अध्यक्ष उमेश केसीले जानकारी दिए । म्याग्दी-पोखराको भाडा ५५० बाट घटाएर ५०० रुपैयाँ कायम गरिएको उनले बताए ।

बागलुङदेखि पोखराका लागि गतवर्ष फागु पूर्णिमाका दिन विद्युतीय माइक्रो बस सेवा सञ्चालन गरिएको थियो । शुरुआती चरणमा दुईओटा बसबाट सेवा सञ्चालन गरेको बागलुङ-पोखराका लागि हाल २० ओटा माइक्रो बस सञ्चालनमा छन् । कम्पनीले म्याग्दीको बेनीबाट पोखराका लागि पनि पाँचओटा बस सञ्चालन गरेको छ । बागलुङ-नारायणगढका लागि पाँचओटा बस सञ्चालनमा ल्याइएको छ । विद्युतीय सवारीसाधनको माग बढेपछि कम्पनीले सेवालाई थप व्यवस्थित गराउन भाडादर घटाएको जनाएको छ । विद्युतीय गाडीले वातावरण प्रदूषणमा कमी आउने, इन्धनमा लाग्ने खर्च नहुने र नेपालमै उत्पादित विद्युत्को प्रयोग हुने हुँदा यो यात्राका लागि सहज र सस्तो हुने गरेको छ ।

पछिल्लो समय प्रदेश राजधानी पोखरासहित गण्डकीका शहरी क्षेत्रमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्दो छ । यातायात व्यवसायीले सार्वजनिक सेवाका लागि पनि विद्युतीय सवारीसाधन भित्र्याउन थालेका छन् । प्रदूषणमुक्त र सञ्चालन खर्च कम आउने हुँदा विद्युतीय सवारीसाधनप्रति आकर्षण बढेको हो । विद्युतीय गाडी सुविधायुक्त र वातावरणमैत्री छन् । बिजुलीको नियमित उपलब्धता, चार्जिङ स्टेसन विस्तार आदिमा सरकारले ध्यान दिनुपर्ने यातायात व्यवसायीको माग छ ।

**प्रदूषणमुक्त र सञ्चालन खर्च कम आउने हुँदा विद्युतीय सवारीसाधनप्रति आकर्षण बढेको हो । विद्युतीय गाडी सुविधायुक्त र वातावरणमैत्री छन् ।**

प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका अनुसार मझौला र साना विद्युतीय सवारीसधान बढी प्रयोगमा आइरहेका छन् । गण्डकी प्रदेशमा ठूला विद्युतीय बस भने सञ्चालनमा आइसकेका छैनन् । माइक्रो बस, कार, भ्यान र स्कुटरको संख्या बढ्दो छ । कास्की, बागलुङ, तनहुँ र नवलपुरमा रहेका यातायात कार्यालयमा विद्युतीय सवारीसाधन दर्ता गर्न सकिने मन्त्रालयले जनाइएको छ । *रासस*

# सम्झौताको ५ वर्षपछि कुश्मिसेरा-राङ्खानी सडकले लियो गति

गलकोट (बागलुङ) । ठेक्का सम्झौता भएको ५ वर्षपछि कुश्मिसेरा-राङ्खानी सडक स्तरोन्नतिले गति लिएको छ । २ वर्षमा कालोपत्र सक्ने गरी ठेक्का सम्झौता गरेको बागलुङको कुश्मिसेरा-राङ्खानी सडक पाँच वर्षपछि मात्रै कालोपत्र हुने आश पलाएको छ ।

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अलपत्र बनेको सडक स्थानीयको आन्दोलन र पूर्वाधार कार्यालय घेराउपछि काम शुरू भएको हो । पछिल्लो ठेक्का खोलिएको राङ्खानीबाट बरेङ जाने सडक कालोपत्र भइसक्दा पनि २०७६ सालमा काम शुरू गरेको १० किलोमिटर चैतसम्म सडक कालोपत्रका लागि म्याद रहेको र सोही समयभित्र काम सक्ने निर्माण व्यवसायीले प्रतिबद्धता जनाएको छ । ५ वर्षमा ५७ प्रतिशत भौतिक प्रगति भएको उक्त सडकमा ग्राभेल र कालोपत्र गर्न बाँकी रहेको छ । कटिङ, नाली निर्माण तथा पर्खाललगायत काम सम्पन्न भए पनि ५ वर्षमा पूर्वाधारमा समेत क्षति भएर मर्मत गर्नुपर्ने अवस्थामा पुगेको छ । '२४ करोड ५८ लाख रुपैयाँमा २ वर्षमा सक्ने गरी २०७६ असोजमा शर्मा/क्याराभान जेभीसँग ठेक्का सम्झौता भएको थियो, अहिले तेस्रोपटक म्याद थप भएको छ, स्थानीयको आन्दोलनपछि अहिले काममा ठेकेदार फर्केको छ,' घिमिरेले भने, 'कोरोना त्रास र मूल्यवृद्धि भनेर निर्माण व्यवसायीले सडक निर्माणमा ढिलाइ गर्दै आएको थियो, यही गतिमा काम भए चैतसम्म प्रगति अन्तिम चरणमा पुर्‍याउने आश छ ।'

**निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अलपत्र बनेको सडक स्थानीयको आन्दोलन र पूर्वाधार कार्यालय घेराउपछि काम शुरू भएको हो ।**

खण्ड सम्पन्न नभएको भन्दै स्थानीयले गत पुसमा पूर्वाधार कार्यालय घेराबन्दी गरेका थिए । स्थानीयको आन्दोलनपछि निर्माण व्यवसायी काममा फर्केर सडक स्तरोन्नतिको काम थालेको छ ।

एक वर्षदेखि सम्पर्कमा नआएको ठेकेदार स्थानीयको आन्दोलन र प्रशासनको दबाबपछि काममा आएको पूर्वाधार विकास कार्यालयका प्रमुख दिनेश घिमिरेले बताए । घिमिरेले निर्माण व्यवसायीलाई एक वर्षमा ७ ओटा पत्र पठाएको बताए । घिमिरेका अनुसार

स्थानीयको घर भाडा नतिरेको, श्रमिकले लगेको खाद्यान्नको रकमसमेत भुक्तानी नगरेको र नागरिकलाई धुलाम्मे सडकले सास्ती खेपेपछि स्थानीय भीम श्रीसको नेतृत्वमा पुसमा पूर्वाधार कार्यालय घेराउ गरिएको थियो । *रासस*

मध्यभोटेकोशी र खिम्ती-बाह्रबिसे प्रसारण लाइन

# एक महीनाभित्र सम्पन्न गर्न निर्देशन



**अभियान संवाददाता**

काठमाडौं

नेपाल विद्युत् प्राधिकरणले आफ्नो सहायक कम्पनी चिलिमे जलविद्युत् लिमिटेडको अगुवाइमा सिन्धुपाल्चोकमा बनाइरहेको मध्यभोटेकोशी जलविद्युत् आयोजना र खिम्ती-बाह्रबिसे प्रसारण लाइन निर्माण एक महीनाभित्र सम्पन्न गर्न ताकेता गरेको छ । निर्माण सम्पन्न भएको मध्यभोटेकोशीबाट विद्युत् उत्पादनका शुरू गर्न संरचना तथा उपकरण परीक्षणका क्रममा पानी हाल्दा सुरुङ चुहिएको थियो । हाल चुहिएको सुरुङको मर्मत र सुधारको काम धमाधम भइरहेको छ ।

१०२ मेगावाट जडित क्षमताको मध्यभोटेकोशीबाट हिउँदयामका महीनामा ४० मेगावाटसम्म विद्युत् उत्पादन हुन्छ । हिँदयामको माग बमोजिम विद्युत् आपूर्ति व्यवस्थापनका लागि ४० मेगावाटको पनि ठूलो महत्त्व भएकाले प्राधिकरण व्यवस्थापनले मध्यकोटेकोशीलाई शीघ्र सञ्चालनमा ल्याउन पहलका साथै ताकेता गरेको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र चिलिमे जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत एवम् मध्यभोटेकोशी जलविद्युत् कम्पनी सञ्चालक समितिका अध्यक्ष सुभाषकुमार मिश्र सम्मिलित टोलीले शनिवार प्रसारण लाइन र सबस्टेसनको अनुगमन भ्रमण गरी निर्माण प्रगतिका विषयमा जानकारी लिएको छ ।

मध्यभोटकोशी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रवाह हुने तामाकोशी-काठमाडौं केभी प्रसारण लाइन आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेसनबाट सिन्धुपाल्चोकको बाह्रबिसेसम्मको ४०० केभी प्रसारण लाइन निर्माण अन्तिम चरणमा छ । प्रसारण लाइन आयोजनाअन्तर्गत खिम्ती-बाह्रबिसे खण्डमा पर्ने सम्पूर्ण टावरहरु खडा भइसकेका छन् । करिब एक किलोमिटर मात्र तार तान्न बाँकी रहेको छ ।

४०० केभी नयाँ खिम्ती-बाह्रबिसे प्रसारण लाइनलाई तत्काल २०० केभीमा सञ्चालन (चार्ज)मा ल्याएर मध्यभोटेकोशीको विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ । उक्त लाइनलाई २०० केभीमा चार्ज गर्न नयाँ खिम्ती र बाह्रबिसे सबस्टेसनमा आवश्यक संरचना राख्ने प्रक्रिया अगाडि बढिसकेको छ ।

कार्यकारी निर्देशक घिसिङ नेतृत्वको टोलीबाट खिम्ती-बाह्रबिसे लाइनलाई २०० केभीमा चार्ज गर्न नयाँ खिम्ती र बाह्रबिसे सबस्टेसनमा भइरहेका काम र गर्नुपर्ने बाँकी कामका विषयमा छलफल गरी बाँकी काम तत्काल अगाडि बढाउन आयोजना व्यवस्थापन र निर्माण व्यवसायीलाई निर्देशन दिइएको छ । प्रसारण लाइनअन्तर्गत सिन्धुपाल्चोको त्रिपुरासुन्दरी गाउँपालिका-२ चौकटामा जारी तार तान्ने कामको समेत टोलीले निरीक्षण गरेको थियो ।

## मर्स्याङ्दी जलविद्युत् केन्द्रको उत्पादन घट्यो

तनहुँ । आँबुखैरेनी गाउँपालिका-४ स्थित ६९ मेगावाट क्षमताको मर्स्याङ्दी जलविद्युत् केन्द्रबाट क्षमताको आधामात्र विद्युत् उत्पादन हुन थालेको छ । नदीमा पानीको बहाव कम हुँदा क्षमताभन्दा आधा विद्युत् उत्पादन भएको हो ।

केन्द्रबाट हाल औसतमा ३४ मेगावाट विद्युत् उत्पादन भइरहेको मर्स्याङ्दी जलविद्युत् केन्द्रका सहायक प्रबन्धक मेकानिकल इन्जिनियर शेरमहमद हुसेनले बताए । उनले भने, 'हिउँ पग्लिएको छैन । मर्स्याङ्दीमा पानीको बहाव कम छ । पुसबाट विद्युत् उत्पादन घट्न थालेको छ । हिउँ पग्लिन थालेपछि बहाव बढ्दै जान्छ ।' *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

**नेपाल किन ...**

यही प्रविधिबाट चालकविहीन कारदेखि ड्रोन टेक्नोलोजी, टेलिमेडिसनमा व्यापक परिवर्तन हुने विश्वास गरिएको छ ।

त्यसो त अहिले पनि ३२ लाख ६५ हजार नेपाली टु-जी चलाउँछन् । विश्व फाइभ-जीमा रमाइरहेका बेला नेपालमा भने टु-जी प्रयोगकर्ता दिनप्रतिदिन बढ्दै गएको नेपाल दूरसञ्चार प्राधिकरणको तथ्यांकले देखाउँछ । २०८१ वैशाखमा १४ लाख ७१ हजार टु-जी प्रयोगकर्ता रहेकोमा माघसम्म आइपुग्दा ३२ लाख ६५ हजार पुगेका छन् । वैशाखदेखि माघसम्ममा टु-जी प्रयोगकर्ता १७ लाख ९३ हजार थपिएको तथ्यांकले देखाउँछ । माघसम्मको तथ्यांक हेर्ने हो भने नेपालमा टु-जीभन्दा थ्री-जी चलाउनेको संख्या कम छ । यो अवधिमा ९ लाख २० थ्री-जी र २ करोड ५१ लाख फोर-जी प्रयोगकर्ता छन् ।

**सरकारी कर्मचारीको ...**

सरकारले यसको दिगो समाधान खोज्न सबै सरकारी तलब भत्ता खानेको तलबबाट कर कट्टी गर्ने योजना अघि सारेको हो । स्वास्थ्य मन्त्रालयले गठन गरेको बीमा सुधार सुझाव कार्यदलले दिएको सुझावअनुसार सरकारले कार्ययोजना अघि सारेको हो । उक्त कार्ययोजना र कार्यदलको प्रतिवेदन दुवै सरकारले आइतवार सार्वजनिक गरेको छ ।

जनप्रतिनिधि तथा सरकारी कर्मचारीको तलबबाट १ प्रतिशत काट्नुका अतिरिक्त त्यति नै बराबर सरकार/रोजगारदाता निकायबाट थप गरी स्वास्थ्य बीमा कोषमा जम्मा गरी अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गर्ने सरकारी योजना छ । आगामी ६ महीनादेखि १ वर्षसम्म यो काम गरिसक्ने सरकारी कार्ययोजनमा उल्लेख छ ।

निजी संगठित क्षेत्र, अनौपचारिक क्षेत्र र विदेशी पर्यटकलाई पनि स्वास्थ्य बीमामा आबद्ध गर्ने प्याकेज निर्माण गर्ने योजना पनि अघि सारिएको छ । यो काम पनि ६ महीनादेखि १ वर्षभित्र गर्ने आइतवार सार्वजनिक गरिएको कार्यायोजनामा उल्लेख छ । दीर्घ रोग भएकालाई छुट्टै एकाइ मानी बीमामा आबद्ध गर्ने योजना सरकारको छ । उनीहरूले छुट्टै १ लाख रुपैयाँको सुविधा प्राप्त गर्नेछन् । विशिष्टीकृत स्वास्थ्य सेवालाई कार्यविधि बनाई विस्तार गर्ने कार्ययोजनामा उल्लेख छ । यसअनुसार मिर्गौला र अल्जाइमर्सका बिरामी, मुटुका बिरामी र अन्य कडा दीर्घरोगीको हकमा ५ लाख रुपैयाँसम्म स्वास्थ्य बीमाले समेट्ने कार्ययोजनामा उल्लेख छ । बीमा सुधार सुझाव कार्यदलले दिएको सुझावअनुसार घातक रोगहरूमा ५ लाखसम्मको बीमा सुविधा पुर्‍याउन खोजिएको हो । कार्यदलको प्रतिवेदनमा घातक रोग, दीर्घरोग र परिवारका धेरै सदस्य बिरामी पर्दा अहिलेको १ लाखसम्मको सुविधा अपर्याप्त रहेको भन्दै यसलाई बढाउन सुझाव दिइएको हो ।

उक्त कार्यदलले स्वास्थ्य बीमा नै ५ लाख बनाउन सुझाव दिएकोमा यसबारेमा मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने कार्ययोजनामा उल्लेख छ । सुविधा थैली ५ लाख बनाउन सरकारी र निजी संगठित क्षेत्रमा कार्यरत कर्मचारीको वार्षिक तलबको १ प्रतिशत कर्मचारी स्वयंले र सोही बराबरको रकम रोजगारदाताले स्वास्थ्य बीमाकोषमा बुझाउने, उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई एकीकृत गर्ने, सम्पन्न परिवारलाई प्रगतिशील प्रिमियम निर्धारण गर्नसमेत सुझाव दिइएको छ । यसैगरी स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो बनाउन हवाई टिकट र वित्तीय कारोबारमा बीमा कर लागू गर्न सकिने पनि उल्लेख छ ।

हालसम्म संकलन गरेको प्रिमियमबाट स्वास्थ्य बीमा बोर्डको २४ प्रतिशत मात्र खर्च धान्ने र बाँकी ७६ प्रतिशत रकम सरकारले उपलब्ध गराउनुपर्ने अवस्थामा कार्यक्रमको दिगोपनमा नै प्रश्न उब्जिएको प्रतिवेदनले औंल्याएको छ । यही स्वरूपमा बोर्ड सञ्चालन भएमा सन् २०२५ मा सरकारले थप ३२ अर्ब र २०३० मा ६२ अर्ब रुपैयाँ अनुदान दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा बोल्दै स्वास्थ्यमन्त्री प्रदीप पौडेलले आम नागरिकलाई थप भार नपर्ने गरी स्वास्थ्य बीमा व्यवस्थित गर्न सकिने र त्यो बाटोमा सरकार लागिरहेको बताए । उनले भने, 'यो तीनओटै सरकारको काम हो, नागरिकको स्वास्थ्य उपचारका लागि तीनओटै सरकारले खर्च गर्ने रकम बीमाकोष बलियो बनाउन उपयोग गर्न आवश्यक छ ।'

मन्त्री पौडेलले हाल यस्तो रकम ३० अर्ब रुपैयाँ हाराहारी भएको भन्दै स्वास्थ्य बीमाकोष बलियो बनाउन एकद्वार प्रणालीमार्फत यो रकम खर्च हुने हो भने अहिले देखिएको आर्थिक अभाव हट्ने बताए । 'हरेक वर्ष बजेटमा रहेको ३ अर्बले बीमाको खर्च धान्ने अवस्था नभएकाले यस वर्ष हामीले पटकपटक थप गरिसक्यौं,' उनले भने, 'आगामी बजेटमा यसलाई १० अर्ब पुर्‍याइनेछ ।'

डा. शम्भु आचार्य नेतृत्वको कार्यदलले गत पुस १६ गते प्रतिवेदन मन्त्री पौडेललाई हस्तान्तरण गरेको थियो । समितिमा वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, विकास अर्थशास्त्री तथा हालका स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा. रघुराज काफ्लेसँगै स्वास्थ्य तथा अर्थ मन्त्रालयका अधिकारी सदस्य थिए । समितिले तयार पारेको प्रतिवेदनका आधारमा प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष कार्ययोजनासमेत प्रस्तुत गरिएको थियो । मन्त्रालयले दुवै सार्वजनिक गर्दै कार्यान्वयनको चरणमा अघि बढेको प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । सरकारले स्वास्थ्य बीमा कार्यक्रम २०७२ मा शुरू गरेको थियो । बोर्डका अनुसार अहिलेसम्म ८४ लाख नागरिक बीमामा सहभागी भइसकेका छन् ।

**बजेट विनियोजनको ...**

आईआईडीएसका अनुसार सरोकारवालासँग परामर्श र प्रश्नोत्तर, टेलिफोन, अन्तरवार्ता र लक्षित महिलाहरूसँग छलफलजस्ता विधि अपनाइएको अध्ययनका क्रममा ७७ ओटै जिल्लाका वडा अध्यक्ष र वडा सदस्यसहित ८०४ महिला प्रतिनिधिलाई सर्वेक्षणमा समावेश गरिएको थियो । अध्ययनका अनुसार स्थानीय तहमा पहिलाको संख्या बढे पनि नेतृत्व तह र निर्णय प्रक्रियामा महिलाको सहभागिता न्यून हुने गरेको छ । सरकारले स्थानीय तहमा महिलाको उपस्थिति बढाउने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा रहेको २० प्रतिशतको कोटा बढाएर अहिले ४० प्रतिशत पुर्‍याइसकेको छ । यसले गर्दा वडास्तरमा महिला प्रतिनिधिको संख्या बढेको हो ।

वडास्तरमा निर्वाचित हुने महिलाले आफ्नो भूमिका र जिम्मेवारीसम्बन्धी तालिम पनि कम पाइरहेको अध्ययनले देखाएको छ । अध्ययनमा सहभागी ८०४ महिला जनप्रतिनिधिमध्ये ३३ दशमलव ५८ प्रतिशतले भूमिका र जिम्मेवारीसम्बन्धी प्रशिक्षण वा तालिम नपाएको बताएका छन् । ४१ दशमलव १७ प्रतिशत महिलाले भने दोहोर्‍याएर यस्ता खालका तालिम तथा प्रशिक्षण पाएको देखिएको छ । वडास्तरमा हुने यस्ता खाले तालिम तथा प्रशिक्षणका विषयमा जानकारी नै नहुने महिला प्रतिनिधिको संख्या ४ दशमलव ३६ प्रतिशत रहेको अध्ययनले देखाएको छ ।

अर्कोतर्फ महिलाले वडास्तरमा चुनाव जित्नका लागि राजनीतिकभन्दा पनि त्यहाँको सामाजिक नेटवर्कले बढी सघाउने गरेको अध्ययनले देखाएको हो । आईआईडीएसको उक्त अध्ययनले वडास्तरमा महिलाले चुनाव जित्नुमा सामाजिक नेटवर्क प्रमुख कारक रहेको देखाएको छ । ५१ दशमलव ५० प्रतिशत महिलाले सामाजिक नेटवर्ककै कारण वडा स्तरको चुनाव जितेको पाइएको छ । दोस्रोमा पारिवारिक तथा आफन्तको सहयोगमा चुनाव जित्ने महिला २० दशमलव ९० प्रतिशत छन् । यसबाहेक राजनीतिक नेटवर्कको सहयोगबाट वडास्तरको चुनाव जित्ने अंश १४ दशमलव ९० प्रतिशत रहेको अध्ययनले देखाएको छ ।

यसैगरी वडास्तरमा निर्वाचित महिलाले त्यहाँको प्रशासनिक भूमिका र जिम्मेवारीप्रति केही जानकार भएको उल्लेख गरेका छन् । वडास्तरका कूननी तथा प्रशासनिक भूमिका र जिम्मेवारीप्रति ५१ दशमलव ६२ प्रतिशत निर्वाचित महिलालाई केही जानकारी भएको र १५ प्रतिशतले पूर्ण जानकार भएको बताएका छन् । उक्त अध्ययनले वडास्तरीय प्रतिनिधिको ठूलो अंशमा कानूनी, प्रशासनिक र जिम्मेवारीका विषयमा ज्ञानको खाडल रहेको निष्कर्ष निकालेको छ । 'धेरै महिलालाई आफ्नो भूमिका वा जिम्मेवारीबारे थाहा छैन,' अध्ययनमा भनिएको छ, 'यस्तो विरोधाभासलाई न्यूनीकरण गर्न प्रशिक्षणको आवश्यकता छ ।'

उक्त अध्ययनले आधारभूत शिक्षा लिएका महिला प्रतिनिधिको संख्या ३१ दशमलव शून्य ९ प्रतिशत, औपचारिक शिक्षा नै नलिएका २९ दशमलव ६० प्रतिशत र स्नातकोत्तर अध्ययन गरेका शून्य दशमलव २५ प्रतिशत रहेको देखाएको छ । प्रतिवेदनमा करीब ७२ प्रतिशत निर्वाचित महिला प्रतिनिधिको पृष्ठभूमि कृषिकर्म रहेको उल्लेख छ । प्रतिवेदनअनुसार कृषि गतिविधि, महिला समूह तथा त्यसको सदस्य, राजनीतिक दलमा सहभागिता, स्वरोजगार तथा व्यवसायको स्वामित्व भएका र सामाजिक कार्य (सीबीओ) र गैरसरकारी संस्थाहरू (एनजीओ)मा सहभागी रहेका महिलाले वडास्तरको चुनाव जितेका छन् । कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले स्थानीय तहको सरकारमा महिला प्रतिनिधिको संख्याका हिसाबले नेपाल दक्षिण एशियामा निकै माथि रहेको बताए । संख्या वृद्धि भए पनि नेतृत्वदायी क्षमता विकास हुन नसकेको उनको भनाइ छ ।

उक्त अध्ययन समूहकी संयोजक सुचेता प्याकुरेलले कोटा प्रणाली नभएको भए महिलाको प्रतिनिधित्व नबढ्ने बताइन् । संघीयता तथा गणतन्त्रलाई सफल बनाउन स्थानीय सरकारलाई बलियो बनाउनुपर्ने भन्दै उनले यसमा पनि महिला प्रतिनिधिका लागि प्रशिक्षण र सम्बद्ध क्षेत्रको तालिम आवश्यक भएको बताइन् ।

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | नेपाल बैंक लिमिटेड | २०८०/८१ | नेपाल ए.पी.एफ. क्लब, हलचोक, काठमाडौं | चैत ६ | १०:३० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २२ |
| २ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | अनमोल क्याटरिङ् सर्भिस प्रा.लि., शंखमुल, काठमाडौं | चैत ७ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| ३ | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | गोर्खा होटल, धरान, सुनसरी | चैत ८ | ९:०० | | | शेयर स्वामित्व संरचना परिवर्तन गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| ४ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अनमोल ब्याङ्क्वेट, शंखमुल, काठमाडौं | चैत ८ | ११:०० | १.२४८९ | ८ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २६ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | २०७९/८०, २०८०/८१ | मिरावल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक | चैत ८ | ९:०० | | | ५० प्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | फागुन १५ |
| ६ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत | चैत १० | ११:३० | १४.२५ | ०.७५ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| ७ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल भ्यू भक्तपुर, जगाती, भक्तपुर | चैत १० | १०:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २५ |
| ८ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | २०८०/८१ | आभ्या क्लब, घारीपाटन, पोखरा | चैत ११ | ११:०० | ४ | ०.२११ | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २३ |
| ९ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | होटेल एयरपोर्ट, मोरङ, विराटनगर | चैत ११ | ११:०० | | | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २६ |
| १० | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | २०८०/८१ | सिद्धार्थ होटल, बिर्तामोड, झापा | चैत ११ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २९ |
| ११ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड | २०८०/८१ | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | चैत १५ | ११:०० | | १० | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १ - चैत १५ |
| १२ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, नक्साल, काठमाडौं | चैत १५ | ११:०० | २६.९८४१२६९८ | १.४२०२२ | वार्षिक प्रतिवेदन पारित गर्ने | फागुन २८ |
| १३ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | चैत १९ | ११:०० | १५ | ०.७९ | वार्षिक प्रतिवेदन पारित गर्ने | चैत ७ |
| १४ | चिरख्वा हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कुण्डलिनी रोयल्स, जोरपाटी, काठमाडौं | चैत २० | ९:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | चैत १२ |
| १५ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | अमृतभोग, कालिकास्थान, काठमाडौं | चैत २१ | ११:०० | ७.५ | ०.३९४७ | १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |
| १६ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | २०८०/८१ | कालिमाटी ब्याङ्क्वेट हल, कालिमाटी, काठमाडौं | चैत २७ | ११:०० | | | ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | चैत ८ |

सानिमा जिआईसी इन्स्योरेन्स लि.
**Sanima GIC Insurance Ltd.**
टंगाल-५, काठमाण्डौ, फोन नं. ०१-४५२७१७०/७१/७२, ०१-४५२७१०१
Email: info@sgic.com.np, Web: www.sanimagic.com.np

### सातौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**
यस सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८१।११।२६ गते बसेको १५७ औं बैठकको निर्णयानुसार कम्पनीको सातौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल चैत २१ गते (तदनुसार ३ अप्रिल, २०२५) विहीवार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**
(१) कम्पनीको सातौ वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
(२) कम्पनीको लेखापरीक्षण प्रतिवेदन सहित आ.ब. २०८०/०८१ आषाढ मसान्तको वासलात, मिति २०८०।०४।०१ गते देखि २०८१।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक कानूनत पुन: नियुक्त हुन योग्य रहेको) ।
(४) संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ०.३९४७ प्रतिशतका दरले नगद लाभांश रु. ७८,९४,७३७।- (अक्षेरुपी : अठहत्तर लाख चौरानब्बे हजार सात सय सैतिस मात्र) पारित गर्ने । (प्रस्तावित लाभांश कर प्रयोजनार्थ)

**(ख) विशेष प्रस्ताव :**
(१) संचालक समितिवाट प्रस्ताव गरिएको कम्पनीको हाल कायम चुक्ता पुँजी रु. २,००,००,००,०००।- मा ७.५ प्रतिशतका दरले रु. १५,००,००,०००।- (अक्षेरुपी : पन्ध्र करोड मात्र) को बोनश शेयर पारित गर्ने । बोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएबाट सोही अनुरुप प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।
(२) छैठौ वार्षिक साधारण सभावाट पारित २५ प्रतिशत हकप्रद शेयर संशोधन गरि १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने । हकप्रद शेयर पारित गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने ।
(३) कम्पनी ऐनको दफा १०५ को उपदफा १(ग) बमोजिम आ.व. २०८०/०८१ मा भएको खर्चको अनुमोदन गर्ने ।
(४) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता संशोधन गर्ने ।
(५) प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने । संशोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृती गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो बमोजिम संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**नोट : मिति २०८१।११।२७ गते अभियान दैनिकमा प्रकाशित वार्षिक साधारण सभा सम्बन्धी सूचनाको विशेष प्रस्ताव अन्तर्गत हकप्रद शेयर जारी गर्ने प्रस्तावमा हकप्रद शेयर पारित गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने हुनु पर्नेमा भुलबश बोनश शेयर पारित गर्ने प्रस्तावमा पर्न गएकोले भुलसुधार गरी यो संशोधित सूचना प्रकाशित गरिएको छ ।**

## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१२/०४)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

गीता दत्त वाग्लेका नाती रामहरी वाग्लेको छोरा मकवानपुर जिल्ला हटिया गा.वि.स.वडा नं. ०४ बस्ने, ना.प्र.न. १३१९९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, (जारी मितिः बि.सं. २०४५/१०/१९), भएका **दामोदर वाग्ले ।**

**ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. गीता दत्त वाग्लेका नाती, रामहरी वाग्लेको छोरा मकवानपुर जिल्ला हटिया गा.वि.स.वडा नं. ०४ बस्ने, ना.प्र.न. २०५२३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, (जारी मितिः बि.सं. २०४७/०२/२६), भएका **पंकज वाग्ले ।**
२. गीता दत्त वाग्लेको बुहारी, रामहरी वाग्लको श्रीमती, मकवानपुर जिल्ला हेटैडा उ.म.न.पा.वडा.नं. ०५ बस्ने, ना.प्र.नं. २६४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, (जारी मितिः २०३५/०५/२५) भएकी **इन्दिरा देवि वाग्ले ।**
३. सुरेन्द घिमिरेको छोरी, रामहरी वाग्लेको बुहारी, दामोदर वाग्लेको श्रीमती, मकवानपुर जिल्ला हेटैडा उ.म.न.पा.वडा.नं. ०५ बस्ने, ना.प्र.नं. २१/४०१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, (जारी मितिः २०५५/०३/०७) भएकी **कमला वाग्ले ।**
४. मुकुन्द प्रसाद रुपाखेतीको छोरी, रामहरी वाग्लेको बुहारी, पंकज वाग्लेको श्रीमती, मकवानपुर जिल्ला हेटैडा उ.म.न.पा.वडा.नं. ०५ बस्ने, ना.प्र.नं. २०/७९१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मकवानपुर, (जारी मितिः २०५८/१२/२९) भएकी **सुमित्रा रुपाखेती वाग्ले ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
मकवानपुर जिल्ला हेटैडा उ.म.न.पा.वडा.नं. ०५ बस्ने, भएकी **इन्दिरा देवि वाग्ले** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ५ सिट नं. ५ मा अवस्थित कि.नं. २०८५ क्षेत्रफल ०-०-१०-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

### जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०३)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २४२० | ३३०० | ९९० |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ११७० | १४७५ | ४५५ |
| ३ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०६७.१ | १२७५ | ४४९ |
| ४ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | १०५७ | १३६१.७ | ५७९.१ |
| ५ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १००९ | १२८३ | ६४० |
| ६ | सुपर मादी हाइड्रोपावर लिमिटेड | १००५ | १६५७ | ४२१.५ |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ९३० | ११८० | ५९२ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ९०६ | १४९३.१ | ६६६.१ |
| ९ | शुभम पावर लिमिटेड | ८८७ | ११०९.६ | ६२३.५ |
| १० | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ८७३ | १००२.६ | ४०८ |
| ११ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८७२ | ९९० | ४५२.२ |
| १२ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ८६१.६ | ९९३.४ | ३३८.२ |
| १३ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८४९ | १२३१ | ४७५.४ |
| १४ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ८०१ | १०८० | ३३७.२ |
| १५ | सयपत्री हाइड्रोपावर लिमिटेड | ७८० | ९२२ | ४४३ |
| १६ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७७० | ९२६.८ | ४८४.९ |
| १७ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ७६६ | ९९७ | ४२३.९ |
| १८ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ७५८ | ११०१ | ३८१.१ |
| १९ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७५१ | ९६१ | ४५० |
| २० | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७४९ | ८६० | ३४२ |
| २१ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७४९ | ९१० | ४८०.५ |
| २२ | रिभर फल्स पावर लिमिटेड | ७४१ | १४८४ | ३२२.९ |
| २३ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ७२५ | ८९०.४ | ३९५ |
| २४ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ७१३.९ | ८१६ | ४४५.१ |
| २५ | एशियन हाइड्रोपावर लिमिटेड | ६९८ | ९०४ | ४१०.१ |
| २६ | माईखोला हाइड्रोपावर लिमिटेड | ६९५ | ७६५ | ३५६.४ |
| २७ | ईङवा हाइड्रोपावर लिमिटेड | ६९५ | ८३८ | ३४५ |
| २८ | दोल्ती पावर कम्पनी लिमिटेड | ६८९ | १०१७ | ३६६ |
| २९ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लि. | ६४६ | ७९० | ३२५ |
| ३० | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ६४५ | ८०० | ३४३.६ |
| ३१ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६३८ | ७४५.६ | २७५.१ |
| ३२ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ६३० | ७५२ | ३४४ |
| ३३ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ६१५.२ | ८२९.७ | ४४३ |
| ३४ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५९७ | ६९६ | २८३.५ |
| ३५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ५९६ | ८०९.५ | ४९८.१ |
| ३६ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ५९५ | ७१४ | ३१९ |
| ३७ | हिमालयन पावर पार्टनर लिमिटेड | ५९० | ६६५ | २४४ |
| ३८ | न्यादी हाइड्रोपावर लिमिटेड | ५८७ | ८८० | २७६ |
| ३९ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५७८ | ७०८ | २८६ |
| ४० | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५७४ | ७२२ | ४६४ |
| ४१ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५६९ | ६२७ | २८० |
| ४२ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५६५ | ६७१.६ | ४१० |
| ४३ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५६४ | ७३५ | ४०२ |
| ४४ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५५६ | ६५५ | ३५५ |
| ४५ | कालिका पावर कम्पनी लिमिटेड | ५४८.५ | ६५२.४ | ३८०.२ |
| ४६ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ५३६ | ६३७ | ३४८ |
| ४७ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५३३ | ६९३ | ३०६.१ |
| ४८ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५२७.५ | ७४२ | ४२२ |
| ४९ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५२७ | ६९७ | ४३१ |
| ५० | पिपुल्स पावर लिमिटेड | ५२६.६ | ६८३.४ | ३३४.२ |
| ५१ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ५२० | ५५० | २११ |
| ५२ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ५२० | ५९९.७ | २८३.२ |
| ५३ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५१७ | ६३५ | ३१८ |
| ५४ | साहस उर्जा लिमिटेड | ५०७ | ७२५ | ४०९.५ |
| ५५ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ५०५.१ | ६९७ | ४२६.३ |
| ५६ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ५०५ | ६४९.५ | ३००.५ |
| ५७ | ग्रीन भेन्चर्स लिमिटेड | ४९९.९ | ६९९.९ | ४०२.४ |
| ५८ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४७३.९ | ६८० | ३१६ |
| ५९ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ४३९.२ | ४४९ | २२३.१ |
| ६० | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ४११ | ४२७.२ | १८५.३ |
| ६१ | बुटवल पावर कम्पनी लिमिटेड | ४०१ | ५३६.५ | २८४.४ |
| ६२ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३९९ | ५२७ | २६०.३ |
| ६३ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ३९६.९ | ६९६ | ३५६.४ |
| ६४ | राधी विद्युत् कम्पनी लिमिटेड | ३९४.८ | ४७७ | २२३.२ |
| ६५ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३८३.१ | ५२१.६ | २६५ |
| ६६ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३६३ | ४७५ | २०९ |
| ६७ | वलेफी हाइड्रोपावर लिमिटेड | ३४० | ५२० | ३१२.७ |
| ६८ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३३९.९ | ३८९ | २२०.२ |
| ६९ | मोदी ईनर्जी लिमिटेड | ३३८ | ३९३ | २११.३ |
| ७० | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३३५ | ४४२ | २५६ |
| ७१ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३३२ | ४३३ | २७९.३ |
| ७२ | युनियन हाइड्रोपावर लिमिटेड | ३२५.९ | ३७१ | २१२.६ |
| ७३ | पाँचथर पावर कम्पनी लिमिटेड | ३१९ | ३६७.२ | २२० |
| ७४ | घलेम्दी हाइड्रो लिमिटेड | ३१२ | ३१८ | १४१ |
| ७५ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३०२.९ | ३४५ | १८३ |
| ७६ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | ३००.६ | ३४८.८ | २१४.२ |
| ७७ | अपि पावर कम्पनी लिमिटेड | २८१ | ३९० | १६२ |
| ७८ | डादी ग्रुप पावर लिमिटेड | २७५.५ | ५७१ | २५० |
| ७९ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २६५.२ | ३७९ | २१५.७ |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २६२.९ | ३३४.४ | १४३.१ |
| ८१ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | २५९.२ | ३४९ | १४९ |
| ८२ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २४९.१ | ३३६ | १९६ |
| ८३ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४६ | ३३३.९ | १८३.६ |
| ८४ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३६.५ | २८१.१ | १५४ |
| ८५ | अरुण काबेली पावर लिमिटेड | २३६ | ३२६ | १५७.२ |
| ८६ | रिडी पावर कम्पनी लिमिटेड | २२८.५ | ३११ | १५४.५ |
| ८७ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २१५ | ३४४ | १७५.१ |
| ८८ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २१४ | २९० | १३६ |
| ८९ | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | २०७.८ | २७४.९ | १५०.९ |
| ९० | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०४ | २९५ | १५२.१ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | २०२.९ | २७३ | १२३.३ |

### लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०३)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०८० | ६७३५ | १८९४ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३७०० | ६६०० | ११८३.१ |
| ३ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ३२०० | ४२७१ | ९८४ |
| ४ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २८८४ | ३४८६ | ११३३ |
| ५ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २७२८ | ४०२६.२ | १०७० |
| ६ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २६१५ | ४१८१ | १७८० |
| ७ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २३९० | ३०४७ | ८०४ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २३४८ | ३२२३ | १४२१ |
| ९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२९८ | २६४८.७ | १६१७ |
| १० | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २२३९.५ | २९०७ | ९२६.२ |
| ११ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १९२८ | २६४१ | १६४१ |
| १२ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १९०० | २४२६.४ | ९४८ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १८६१.१ | २५३० | ८४३ |
| १४ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १७२४ | २३२७ | ८९० |
| १५ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १६९२.५ | २३६३.३ | १३२० |
| १६ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १६४८.९ | १९६० | ८५८.२ |
| १७ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६३७ | १९५८ | १२८२.२ |
| १८ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०१ | २२५० | ९६० |
| १९ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १५२९.९ | १८६०.४ | ९७३ |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३६८ | १९२० | १२६९.१ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १३४५ | १८५१ | ९२३.३ |
| २२ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२८८ | १७१६ | ८२० |
| २३ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२८० | १८१५ | ८३६ |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२७७ | १७२७ | १०८० |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | १२५९ | १७३९ | १०४८.६ |
| २६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११३८ | १४२८ | ८०० |
| २७ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११०५ | १४९१ | ६७० |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०९३ | १३०६.८ | ६२८.१ |
| २९ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १०६६.३ | १२८५ | ७२०.१ |
| ३० | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९९० | १४९२ | ७६६ |
| ३१ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६७ | १२५० | ६३३ |
| ३२ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६७ | १४४७ | ६२४ |
| ३३ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३९.७ | १४७०.८ | ६३९ |
| ३४ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ९०९ | ११९० | ६०७.७ |
| ३५ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६३ | ११५५ | ८०० |
| ३६ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५५ | ११७४ | ६३१ |
| ३७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५२ | १२३२ | ७११.५ |
| ३८ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५० | ११७७ | ६६७ |
| ३९ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३६.१ | ९८७ | ५८६.१ |
| ४० | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३५ | १२७१ | ६४५ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ८१९.९ | ११०५ | ७८९ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७९७.९ | १०९९ | ६७० |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७९१ | १००४ | ५९३.२ |
| ४४ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६४ | १२१४.८ | ७०० |
| ४५ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७३४ | ९८० | ५६३.२ |
| ४६ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३१ | ८९० | ५६२.२ |
| ४७ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७२६.३ | ९१८ | ५४२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८५ | ९३०.२ | ६१३ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६५ | ९८८ | ५९५ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६४.९ | ९०७ | ५७५ |

### वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०३)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६५३ | ७९० | ५०८ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६१६ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ४९१.१ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४१७ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३७८ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | ३०४ | ३८२ | २२८ |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | २९० | ३८० | २१४ |
| ८ | कृषि विकास बैंक लिमिटेड | २९० | ४२८.४ | २२०.५ |
| ९ | प्राइम कमर्सियल बैंक लिमिटेड | २५७ | ३२९ | १८६ |
| १० | एनएमबि बैंक लिमिटेड | २५४ | ३०० | १६२ |
| ११ | नेपाल बैंक लिमिटेड | २५४ | ३३७.५ | १९५.१ |
| १२ | हिमालयन बैंक लिमिटेड | २३९ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २२७.२ | २९५ | १५७.८ |
| १४ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २२३ | ३०० | १४३.६ |
| १५ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२२.९ | ३०२ | १७० |
| १६ | प्रभु बैंक लिमिटेड | २१८ | २९७ | १३२ |
| १७ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २१७.७ | २९५ | १४७.४ |
| १८ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २११ | २९६ | १५२.५ |
| १९ | कुमारी बैंक लिमिटेड | २०७ | २७२.९ | १२९.६ |

### जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०३)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १९४४.१ | २००१.२ | ३०१ |
| २ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १०९१ | २४७५ | १०७० |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७८४.८ | १०६० | ५६६ |
| ४ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७५३ | ८३१ | ५२३ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६९५ | ७४४.५ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६४४ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५८८.५ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ५७५ | ६००.१ | ४१२ |
| ९ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५३९ | ७७४.९ | ४३० |
| १० | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४७५ | ६०६ | ४१२.५ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४५२.२ | ६४४ | ३९५.१ |
| १२ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४३१ | ६०७ | ३६४.१ |
| १३ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४२३ | ६५४ | ४१५ |

# नेप्से परिसूचकसँगै घट्यो कारोबार रकम

| मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र | | | | | |
|---|---|---|---|---|---|
| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २,३९०.०० | ८.१९ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,२५८.०० | -७.९१ |
| विशाल बजार कम्पनी लिमिटेड | ५,६००.०० | ५.३४ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ६३८.०० | -७.३३ |
| आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३१.०० | ४.४३ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,२००.०० | -६.६३ |
| अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ८६१.६० | ४.१८ | प्रभु इन्स्योरेन्स लिमिटेड | १,०००.०० | -६.३७ |
| सिटिजन्स सुपर ३० म्युचुअल फण्ड | ९.१५ | ३.८६ | महालक्ष्मी विकास बैंक लिमिटेड | ४४४.०० | -५.११ |

**अभियान संवाददाता**

काठमाडौं

लगातार सात कारोबार दिनपछि गत बुधवार (पछिल्लो कारोबार दिन) बढेको नेप्से परिसूचक आइतवार घटेको छ । यस दिन नेप्से २१ दशमलव ६३ अंक घटेर २ हजार ७१४ दशमलव ८५ विन्दुमा झरेको हो । नेप्से परिसूचकसँगै कारोबार रकम पनि घटेको छ। अघिल्लो कारोबार दिन रू. ८ अर्ब २३ करोड बराबरको कारोबार भएकोमा यस दिन रू. ६ अर्ब ८३ करोडमा झरेको हो ।

कारोबारमा आएका धितोपत्रमध्ये सबैभन्दा बढी सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य ८ दशमलव १९ प्रतिशत वृद्धि भएको छ । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. २ हजार ३९० पुगेको छ । शेयर मूल्य सर्वाधिक बढ्ने दोस्रोमा विशाल बजार कम्पनी छ । कम्पनीको शेयर मूल्य ५ दशमलव ३४ प्रतिशत बढेर रू. ५ हजार ६०० कायम भएको छ ।

आइतवार सबैभन्दा बढी ग्रीन डेभलपमेन्ट बैंकका शेयरधनीले गुमाएका छन् । यस कम्पनीको शेयर मूल्य ७ दशमलव ९१ प्रतिशत घटेको छ । कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार २५८ मा झरेको छ। शेयर मूल्य सर्वाधिक घट्ने सूचीको दोस्रोमा पिपुल्स हाइड्रोपावर कम्पनी छ । कम्पनीको शेयर मूल्य ७ दशमलव ३३ प्रतिशत घटेर रू. ६३८ कायम भएको छ।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा हिमालयन रिइन्स्योरेन्स कम्पनीले ओगटेको छ । यस कम्पनीको रू. ५८ करोड ६६ लाख बराबरको कारोबार भएको हो । शेयर मूल्य प्रतिकित्ता रू. ९९९ कायम भएको छ। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा महालक्ष्मी विकास बैंक छ । कम्पनीको रू. ३७ करोड ३० लाख बराबरको कारोबार भएको हो । कम्पनीको शेयर मूल्य रू. ४४४ कायम भएको छ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये व्यापार समूहको सूचक ४ दशमलव ९२ प्रतिशत वृद्धि भएको छ भने बाँकी सबै समूहको सूचक घटेको छ। तीमध्ये विकास बैंक समूहको सूचक सबैभन्दा बढी २ दशमलव २५ प्रतिशत घटेको छ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. ३५ अर्ब ९२ करोडले घट्दै रू. ४५ खर्ब ७ अर्ब ८८ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४५ खर्ब ४३ अर्ब ८१ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३२ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब १८ करोड ७८ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा 'अन्य' समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब १ करोड १० लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. ६० करोड ४ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३३ करोड ९७ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २६ करोड ६ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४२ रहेको छ। जसबाट आइतवारको बजारमा रू. ५० करोड ७७ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २१८.७८ | ३२.०० |
| २ | अन्य | १०१.१० | १४.७९ |
| ३ | विकास बैंक | ९३.५८ | १३.६९ |
| ४ | जीवन बीमा | ५९.९३ | ८.७७ |
| ५ | लगानी | ४७.८८ | ७.०० |
| ६ | बैंकिङ्ग | ३३.४० | ४.८९ |
| ७ | लघुवित्त | ३३.१५ | ४.८५ |
| ८ | वित्त | २९.७१ | ४.३५ |
| ९ | उत्पादन तथा प्रशोधन | २४.०३ | ३.५२ |
| १० | निर्जीवन बीमा | २२.२९ | ३.२६ |
| ११ | संस्थापक शेयर | ९.७७ | १.४३ |
| १२ | होटल तथा पर्यटन | ६.६५ | ०.९७ |
| १३ | व्यापार | १.५९ | ०.२३ |
| १४ | म्युचुअल फण्ड | १.२४ | ०.१८ |
| १५ | ऋणपत्र | ०.४८ | ०.०७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | २६.०६ | ३३.९७ | ६०.०४ |
| ४२ | २६.५६ | २४.२० | ५०.७७ |
| ४५ | २३.०५ | २४.१४ | ४७.२० |
| ३४ | २०.२८ | २६.७९ | ४७.०८ |
| ४९ | १९.६३ | २३.६७ | ४३.३१ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ५८.६६ | ९९९.०० |
| महालक्ष्मी विकास बैंक लिमिटेड | ३७.३० | ४४४.०० |
| घलेम्दी हाइड्रो लिमिटेड | ३६.९४ | ३१२.०० |
| नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ३४.१६ | १,२८९.५० |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २६.२० | १,९४४.१० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ४,३०५.४१ | ४.९२ |
| २ | उत्पादन तथा प्रशोधन | ७,२८५.५४ | -०.०१ |
| ३ | म्युचुअल फण्ड | १९.१९ | -०.०४ |
| ४ | होटल तथा पर्यटन | ६,५७६.४४ | -०.५३ |
| ५ | निर्जीवन बीमा | १२,६७९.६८ | -०.७२ |
| ६ | बैंकिङ्ग | १,३७८.७९ | -०.८० |
| ७ | लघुवित्त | ४,९८४.६३ | -०.८८ |
| ८ | जीवन बीमा | १३,६९१.३९ | -१.०६ |
| ९ | जलविद्युत् | ३,६१०.३५ | -१.२९ |
| १० | वित्त | २,६३१.८० | -१.३९ |
| ११ | अन्य | २,४०८.७५ | -१.५२ |
| १२ | लगानी | १०७.५१ | -१.७२ |
| १३ | विकास बैंक | ५,७२७.९० | -२.२५ |

## लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल)को हकप्रद शेयर सूचीकृत

काठमाडौं (अस) । आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको हकप्रद शेयर सूचीकृत भएको छ। कम्पनीको २ करोड ३४ लाख ६८ हजार कित्ता हकप्रद शेयर सूचीकृत भएको हो। अब यो शेयर सम्बन्धित शेयरधनीले हितग्राही खातामा आएपछि कारोबार गर्न पाउनेछन् । कम्पनीले १ बराबर शून्य दशमलव ८८४५१६८ अनुपातमा निष्कासन गरेको हकप्रद शेयर सूचीकृत गराएको हो ।

## मातृभूमि लघुवित्तले लाभांश वितरण नगर्ने

काठमाडौं (अस)। मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडले यो वर्ष लाभांश वितरण नगर्ने भएको छ। शनिवार बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण स्वीकृत गरेको भए पनि सो वर्ष लाभांश वितरण नगर्ने निर्णय गरेको हो।

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | पियोर इनर्जी लिमिटेड |
|---|---|
| दिन | २०८१ चैत ३ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १ लाख ४४ हजार |
| आवेदक संख्या | ५४ हजार १९७ |
| आवेदन परेको कित्ता | १२ लाख २५ हजार |
| आवेदन परेको रकम | १२ करोड २५ लाख |
| निष्कासनको तुलनामा माग | ८.५१ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ चैत ५ गते |
| विक्री प्रबन्धक | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड |

स्रोत : सीडीएससी

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ चैत ०३)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११४४ | १३८१ | ७५२.१ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लि. | १०८४ | १५३८ | ६९५.१ |
| ३ | ओरियण्टल होटल्स लिमिटेड | ९१४ | १२०५ | ७०४ |
| ४ | चन्द्रागिरि हिल्स लिमिटेड | ८९२.५ | १३६० | ७६० |
| ५ | सिटि होटल लिमिटेड | ८८५ | ११६८.५ | ५६२ |
| ६ | सोल्टी होटल लिमिटेड | ४९० | ६३६.५ | ४१६.५ |

## ओम मेगाश्री फर्मास्यूटिकल्सको आईपीओमा मागभन्दा १६ गुणा बढी आवेदन

**आईपीओ अपडेट (सर्वसाधारण)**

| कम्पनी | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड |
|---|---|
| दिन | २०८१ चैत ३ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | १४ लाख ७६ हजार |
| आवेदक संख्या | १९ लाख ८५ हजार ६६३ |
| आवेदन परेको कित्ता | २ करोड ३६ लाख ५९ हजार १२० |
| आवेदन परेको रकम | २ अर्ब ३६ करोड ५९ लाख १२ हजार |
| निष्कासनको तुलनामा माग | १६.०३ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८१ चैत ३ गते |
| विक्री प्रबन्धक | प्रभु क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

काठमाडौं (अस)। ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेडले फागुन २७ गतेदेखि चैत ३ गतेसम्म सर्वसाधारणमा निष्कासन गरेको आईपीओमा मागभन्दा १६ गुणा बढी आवेदन परेको छ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका अनुसार अन्तिम दिन आइतवारसम्ममा १९ लाख ८५ हजार ६६३ जना आवेदकले २ करोड ३६ लाख ५९ हजार १२० कित्ताका लागि आवेदन दिएका छन्।

कम्पनीले फागुन २७ गतेदेखि चैत ३ गतेसम्म १४ लाख ७६ हजार कित्ता आईपीओ निष्कासन तथा विक्री खुला गरेको हो।

## राधी विद्युत् कम्पनीको विशेष साधारणसभा स्थगित

काठमाडौं (अस) । राधी विद्युत् कम्पनी लिमिटेडको विशेष साधारणसभा स्थगित भएको छ। चैत ३ गते आयोजना भएको विशेष साधारणसभा गणपुरक संख्या नपुगेकाले स्थगित भएको कम्पनीले जनाएको छ।

कम्पनीले चैत ३ गते बिहान ८ बजे वेलकम पार्टी प्यालेस, चापागाउँमा विशेष साधारणसभा बोलाएको थियो । सभामा हकप्रद शेयर निष्कासनपश्चात् कायम हुने चुक्तापूँजी बराबर हुने गरी जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियामावली संशोधन गर्ने प्रस्ताव थियो।

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | ट्रेड टावर लिमिटेड | १,१५८,९८० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०७९ असार १४ |
| २ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| ३ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ४ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ५ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ६ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ७ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ८ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ९ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| १० | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| ११ | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एपेक्स हस्पिटालिटी लिमिटेड | २,४००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० असोज १२ |
| २ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० कात्तिक १५ |
| ३ | अर्किड होल्डिङ्ग्स लिमिटेड | ११,५००,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० मङ्सिर १३ |
| ४ | अन्नपूर्ण केबल कार लिमिटेड | ३,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस १६ |
| ५ | बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ३,०६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २२ |
| ६ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ७ | ठमेल प्लाजा होटल एण्ड सुइट्स लि. | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक २१ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| २ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ३ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लि. | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८१/१२/०४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: भोर्लेटार, लमजुङ्ग**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०४/२३ मा दर्ता नं. १५३४२३/०७३/०७४ कायम भई दर्ता भएको लमजुङ्ग जिल्ला, करापुटार न.पा. वडा नं. ६ स्थित **नारायण एण्ड सन्स् कन्स्ट्रक्सन प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. केदारनाथ घिमिरेको नाति, सुर्यनाथ घिमिरेको छोरा, लमजुङ्ग जिल्ला, इशानेश्वर गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **केशव राज घिमिरे (ना.प्र.प.नं. ५७२५३, लमजुङ्ग)**

२. दुर्गादत्त घिमिरेको नाति, केदारनाथ घिमिरेको छोरा, लमजुङ्ग जिल्ला, इशानेश्वर गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **सुर्यनाथ घिमिरे (ना.प्र.प.नं. २०७९, लमजुङ्ग)**

३. केदारनाथ घिमिरेको बुहारी, सुर्यनाथ घिमिरेको पत्नी, लमजुङ्ग जिल्ला, करापुटार न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **साबित्री देबी घिमिरे (ना.प्र.प.नं. ९२३, लमजुङ्ग)**

४. केदारनाथ घिमिरेको नाति, सुर्यनाथ घिमिरेको छोरा, लमजुङ्ग जिल्ला, इशानेश्वर गा.वि.स.वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **ज्ञानेश्वर घिमिरे (ना.प्र.प.नं. ४५१०१८/२३८४६, लमजुङ्ग)**

**शाखा कार्यालय: कपुरधारा, काठमाण्डौ**

**ऋणीको विवरण**

तुल बहादुर थापाको बुहारी, कृष्ण बहादुर थापाको पत्नी, चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. ६ बस्ने **विद्या थापा (ना.प्र.प.नं. ७४१, चितवन)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. डम्वर बहादुर थापाको नाति, तुल बहादुर थापाको छोरा, चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. ६ बस्ने **कृष्ण बहादुर थापा (ना.प्र.प.नं. ५९४९, चितवन)**

२. तुल बहादुर थापाको नाति, कृष्ण बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, टोखा न.पा. वडा नं. ६ बस्ने **प्रान्जल थापा (ना.प्र.प.नं. ३५-०१-७९-०८०२७ चितवन)**

**शाखा कार्यालय: वीरगंज, पर्सा**

**ऋणीको विवरण**

जलधारी साह सोनारको नाति, बाबुलाल सा सुनारको छोरा, बारा जिल्ला, बुनियाद गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **प्रशुराम प्रसाद सर्राफ (ना.प्र.प.नं. १६८५/१५७७/१००७, बारा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बाबुलाल सा सुनारको बुहारी, प्रशुराम प्रसाद सर्राफको पत्नी, बारा जिल्ला, बुनियाद गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **उर्मिला देवी सर्राफ (ना.प्र.प.नं. ११२०, बारा)**

२. बाबुलाल सा सुनारको नाति, प्रशुराम प्रसाद सर्राफको छोरा, बारा जिल्ला, बुनियाद गा.वि.स. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **लक्की कुमार सर्राफ (ना.प्र.प.नं. ३३-०१-७३-०४१६८, बारा)**

**शाखा कार्यालय: विर्तामोड, झापा**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०४/१५ मा दर्ता नं. ५०/१२१९४/२०७६/४/१५ कायम भई दर्ता भएको झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ६, स्थित **न्यू पाथिभरा सप्लायर्स** **प्रोपाइटर : कौशिला देवि शाह**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मुसाफिर शाहको बुहारी, प्रमेश्वर शाहको पत्नी, झापा जिल्ला, शिवगंज गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **कौशिला देवि शाह (ना.प्र.प.नं. ०४-३-०३३/६, झापा)**

२. हिरालाल शाहको नाति, मुसाफीरको छोरा, झापा जिल्ला, शिवगंज गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **प्रमेश्वर शाह (ना.प्र.प.नं. ०४३०३३/३४, झापा)**

३. मुसाफीर शाहको नाति, प्रमेश्वर शाहको छोरा, झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **विकि शाह (ना.प्र.प.नं. ०४१०३३/२०८, झापा)**

४. प्रमेश्वर शाहको बुहारी, विकि शाहको पत्नी, झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **इन्दु शाह (ना.प्र.प.नं. ०४-०१-७०-१७५६२, झापा )**

५. मुसाफीर शाहको नाति, प्रमेश्वर शाहको छोरा, झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **राजिव कुमार शाह (ना.प्र.प.नं. ०४-०२-७९-००६५५, झापा)**

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
सोमवार, ४ चैत २०८१ | Monday, 17 March 2025
आर्थिक अभियान



तस्वीर : सुनिल शर्मा/ आर्थिक अभियान

भक्तपुरको ब्यासीस्थित सडकमा विद्युत् प्राधिकरणको स्थानीय विद्युत् प्रसारण लाइन (तार) भूमिगत गर्ने कार्यमा खटिएका कामदार ।

# ठूला जलविद्युत्लाई वित्तीय व्यवस्थापनको समय दुई वर्ष थप



काठमाडौं । सरकारले ठूला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनका लागि दुई वर्ष समय थप गर्ने भएको छ । विद्युत् विकास विभागले विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ लाई संशोधन गरी ठूला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनका लागि दुई वर्ष समय थप गरेको हो । विभागले विद्युत् खरीद विक्री सम्झौताका लागि लामो समय लाग्ने हालको अवस्था र ठूला प्रकृतिका आयोजनालाई वित्तीय व्यवस्थापन गर्न लाग्ने समयलाई ध्यानमा राख्दै १०० मेगावाटभन्दा बढी क्षमता भएका आयोजनालाई दुई वर्ष समय थप गर्ने व्यवस्था गरेको विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए ।

यसअघि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ठूला जलविद्युत् आयोजना निर्माणका क्रममा देखिएका समस्याका बारेमा ऊर्जा उत्पादकसँग छलफल गरेका थिए । उक्त निर्देशिकामा विद्युत् उत्पादन अनुमतिपत्र संशोधन गर्दा उद्योग दर्ताको प्रमाणपत्र अनुमतिपत्र संशोधन गर्नुपूर्व नै पेश गर्नुपर्ने व्यवस्था रहेकोमा त्यसलाई परिमार्जन गरी उद्योग दर्ताको आशयपत्र पेश गरेमा अनुमतिपत्र संशोधन गर्ने र अनुमतिपत्र संशोधन भएको एक वर्षभित्र संशोधित उद्योग दर्ता पेश गर्ने सकिने व्यवस्था गरिएको छ । उक्त व्यवस्थाले अनुमतिपत्र संशोधन गर्ने प्रक्रिया सरल भएकाले प्रवर्द्धकलाई थप सहज पुग्ने विश्वास लिइएको छ ।

यसैगरी, विद्युत् आयोजनामा ऋण लगानी गर्ने बैंक तथा वित्तीय संस्थाको लगानी सुरक्षण गर्न आयोजनाका प्रवर्द्धकले ऋण तिर्न नसक्ने अवस्था सृजना भएमा आयोजना लिलाम गरी लिलाम सकार्ने कम्पनी वा संस्थालाई विद्युत् उत्पादन र प्रसारणको अनुमतिपत्र हस्तान्तरण गर्न सकिने व्यवस्था थप गरी बैंक तथा वित्तीय संस्थाको जोखिम न्यूनीकरण गर्ने व्यवस्था गरिएको महानिर्देशक सिंहले बताए ।

विभागले ग्रीड कनेक्टेड वैकल्पिक विद्युत् विकाससम्बन्धी कार्यविधि, २०७८ लाई समेत संशोधन गरेको छ । विभागले सौर्य विद्युत् आयोजनाको सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र जारी गर्दा सौर्य आयोजना निर्माण हुने जग्गाको हकमा सम्बन्धित स्थानीय तहबाट उक्त जग्गा/भूमिमा सौर्य विद्युत् आयोजना विकास निर्माण गर्न उपयुक्त हुने भन्ने सिफारिस गर्नुपर्ने व्यवस्था गरेको हो ।

उक्त संशोधनले स्थानीय तहलाई भू-उपयोगसम्बन्धी प्राप्त अधिकारको प्रयोगमा जोड्न सफल भई सौर्य विद्युत् आयोजनाका प्रवर्द्धकहरूलाई जग्गा सिफारिसका लागि सहजीकरण हुने विभागले जनाएको छ । उक्त विषयलाई सहजीकरण गरेपश्चात् करीब ४८३ दशमलव ५ मेगावाट जडित क्षमता हुनेगरी २९ ओटा सौर्य विद्युत् आयोजनाको सर्वेक्षण अनुमतिपत्र जारी गरिएको छ ।

यस व्यवस्थाले सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पूरा गर्न सहज हुने विश्वास लिइएको छ । *रासस*

'वुमन लिडरशिप समिट २०२५' सम्पन्न

# महिलाको आर्थिक सशक्तीकरणका लागि १९ बुँदे रणनीति प्रस्ताव

अभियान संवाददाता

काठमाडौं

नेपाल उद्योग परिसंघ र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहकार्यमा आयोजित 'वुमन लिडरशिप समिट २०२५' सम्पन्न भएको छ । आइतवार काठमाडौंमा आयोजित उक्त शिखर सम्मेलनमा महिलाको नेतृत्व भूमिकाबारे बृहत् छलफल गरी आर्थिक सामाजिक विकासमा उनीहरूको योगदानलाई थप प्रभावकारी बनाउन नीतिगत सुधार तथा १९ बुँदे रणनीति प्रस्ताव गरिएको छ ।

सम्मेलनमा 'नवीनता र समावेशिता', 'दिगो कृषि क्षेत्रमा महिला', 'महिलामा लगानी' र 'सीमाना बाहिर : सफलता पुनःपरिभाषित गर्दै महिला' विषयमा छलफल गरिएको थियो । विशेषगरी महिलाको उद्यमशीलता प्रवर्द्धन गर्न नीतिगत सुधार, वित्तीय पहुँच वृद्धि, प्रविधि हस्तान्तरण तथा संस्थागत सशक्तीकरण जस्ता विषयमा सम्मेलन केन्द्रित भएको परिसंघले जानकारी दिएको छ ।

महिला नेतृत्व, आर्थिक सशक्तीकरण र दिगो विकास तीव्र बनाउन सम्मेलनले १९ बुँदे रणनीतिक हस्तक्षेप प्रस्ताव अघि सारेको छ । प्रस्तावित रणनीतिअन्तर्गत महिलाका लागि व्यवसाय प्रवर्द्धन गर्न अनुदानयुक्त तालीम कार्यक्रम सञ्चालन गरी प्रविधि, वित्तीय व्यवस्थापन तथा हरित प्रविधि सम्बन्धी ज्ञान प्रदान गरिनेछ । हरित प्रविधि अपनाउन महिलालाई अनुदान वा सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ । महिला उद्यमीहरूबीच डिजिटल तथा प्रत्यक्ष नेटवर्किङ प्लेटफर्मको विकास गरी ज्ञान आदान-प्रदानको अवसर सृजना गरिनेछ ।

यसैगरी व्यावसायिक विकासका लागि अन्तरराष्ट्रिय व्यापार अभ्यासलाई स्थान अनुकूल व्यापार मोडेल बनाएर लागू गरिनेछ । महिलाको प्रविधिमा पहुँच बढाउन स्टिम (विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणित) क्षेत्रमा उनीहरूको सहभागिता प्रवर्द्धन गर्न महिला प्रविधि नीति वकालत गरिनेछ ।

कृषि क्षेत्रमा महिलाको सहभागिता बढाउन जलवायु-स्मार्ट कृषि प्रविधि प्रवर्द्धन गर्दै दिगो कृषि प्रणालीलाई सशक्त बनाइनेछ । महिलाको भूमि अधिकार सुरक्षित गर्न तथा वित्तीय पहुँच सुधार गर्न नीतिगत सुधार गरिनेछ । यस्तै जल व्यवस्थापनमा महिलाको संलग्नता वृद्धि गर्न जल स्रोत व्यवस्थापन तथा एकीकृत जल व्यवस्थापन रणनीति लागू गरिनेछ । महिला सहकारीलाई आर्थिक रूपमा सशक्त बनाउन डिजिटल बजार पहुँच सुधार गरिनेछ ।

परिसंघका अनुसार समाजमा लैंगिक समानता कायम गर्न तथा महिलाको आर्थिक सुरक्षा सुनिश्चित गर्न समान पारिश्रमिक कानून लागू गरिनेछ । महिलाको उद्यमशीलता प्रवर्द्धन गर्न कर छूट, अनुदान, तथा विशेष वित्तीय सहायता कार्यक्रम सञ्चालन गरिनेछ । महिलाको व्यावसायिक अवसर वृद्धि गर्न सरकारी खरीद नीतिमा महिलाको स्वामित्व भएका व्यवसायबाट कम्तीमा २० प्रतिशत खरीद गर्ने प्रावधान लागू गरिनेछ । महिला प्रतिस्पर्धात्मकता वृद्धि गर्न शिक्षा तथा स्टिम तालीमको पहुँच विस्तार गरिनेछ ।

यसैगरी कामकाजी महिलालाई सन्तुलित जीवनयापनका लागि मातृत्व बिदा तथा कार्य-जीवन सन्तुलन नीति सुधार गरिनेछ । महिलाले विभिन्न क्षेत्रका सफलतालाई आत्मसात् गर्न सकून् भन्ने उद्देश्यले सफलताको पुनःपरिभाषा गर्दै विविध उपलब्धिलाई सम्मान गरिनेछ ।

महिलाको योगदानलाई व्यापक रूपमा प्रचारप्रसार गर्दै उनीहरूको प्रदर्शन बढाउने नीति अवलम्बन गरिनेछ । महिला नेतृत्वलाई थप सशक्त बनाउन नेतृत्व सञ्जाल विस्तार गर्दै नियमित कार्यक्रम तथा मञ्चहरूको विकास गरिनेछ । समान अवसर सृजना गर्न तथा लैंगिक चेतना बढाउन सकारात्मक मानसिकता परिवर्तनका लागि शिक्षा प्रणालीमा लैंगिक समानता सम्बन्धी विषय समावेश गरिनेछ ।

सम्मेलनमा लैंगिक समानता, समावेशिता तथा नवप्रवर्तन प्रवर्द्धन गर्दै नेपालमा महिला नेतृत्वको सशक्तीकरणका लागि मार्गनिर्देशन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । सम्मेलनबाट पारित १९ बुँदे रणनीतिक हस्तक्षेपले नीति निर्माता, व्यवसाय तथा नागरिक समाजलाई सहकार्यका लागि प्रेरित गर्ने अपेक्षा गरिएको छ ।



## शिखर सम्मेलनबाट पारित रणनीतिहरू

- अनुदानयुक्त तालीम कार्यक्रम
- प्रविधिमा पहुँच सहायता
- सञ्जाल विस्तार र ज्ञान आदान-प्रदान
- विश्वव्यापी व्यापार मोडेलको स्थान अनुकूल प्रयोग
- महिलाका लागि प्रविधि नीतिगत वकालत
- जलवायु-स्मार्ट कृषि प्रविधि
- समान भूमि अधिकार र वित्तीय पहुँच
- दिगो जलस्रोत व्यवस्थापन
- एकीकृत जल व्यवस्थापन रणनीति
- महिला नेतृत्व भएका सहकारीको पहिचान र सशक्तीकरण
- समान पारिश्रमिक सम्बन्धी कानून
- महिला उद्यमीलाई सहयोग
- सार्वजनिक खरीद नीतिमा महिला उद्यमीको प्रवर्द्धन
- शिक्षा तथा स्टिम तालीमको प्रवर्द्धन
- मातृत्व बिदा तथा कार्य-जीवन सन्तुलन
- महिलाको सफलता पुनःपरिभाषा
- महिलाको उपलब्धिको प्रदर्शन र पहिचान
- सहयोगी नेतृत्व सञ्जालको निर्माण
- मानसिकता रूपान्तरण र लैंगिक चेतना

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक स्वीकृत

काठमाडौं । प्रतिनिधिसभाको आइतवारको बैठकले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको उक्त प्रस्ताव बैठकमा बहुमतले स्वीकृत गरेको हो ।

विधेयकको सैद्धान्तिक छलफलमा सांसदले उठाएका प्रश्नको जवाफ दिँदै उपप्रधानमन्त्री पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक मुख्य रूपले बजेट कार्यान्वयनको प्रणालीलाई प्रभावकारी बनाउन र बजेट प्रणालीलाई अनुशासित बनाउने उद्देश्यले आएको बताए ।

'हामीले बजेट निर्माण गर्दा अब अनुशासनतर्फ फर्किन विलम्ब भइसकेको छ । बजेट निर्माणको अनुशासनको गाम्भीर्यलाई ध्यान दिँदै यो संशोधन आएको हो,' उनले भने । राजस्वले साधारण खर्च धान्न धौधौ भइरहेको अवस्थालाई चित्रण गर्दै उनले चालू आर्थिक वर्षको विनियोजनमा कैयौं अनिवार्य दायित्वका शीर्षकमा समेत न्यून विनियोजन गरेर बजेट प्रस्तुत गरिएको तथा ३१ प्रतिशतको राजस्व वृद्धिको लक्ष्यमा आधारित रहेर बजेट विनियोजन गर्दा पनि साधारण खर्च धान्न कठिन भएको बताए ।

उपप्रधानमन्त्री पौडेलले चालू आर्थिक वर्षमा करीब १८ हजार योजना छनोट भएको र ती आयोजनाको कार्यान्वयन सुनिश्चितता निकै चुनौतीपूर्ण बन्दै गएको बताए । दुईपक्षीय र बहुपक्षीय विकास साझेदार संस्थाको भूमिका र नेपालको आवश्यकता तथा प्राथमिकता दिनुपर्ने विषयमा सरकार सजग रहेको उनको भनाइ छ ।

सरकार आफ्नै धरातलमा उभिएर अन्तरराष्ट्रिय समुदायको पनि साथ लिएर अगाडि बढ्ने उनले बताए । बैंकमा तरलता र आकारको विषयमा धारणा राख्दै उनले पछिल्लो पटक सरकारले नीतिगत र कानूनी सुधार गरेर लगानीको वातावरण सृजना गरिरहेको र त्यसको सकारात्मक प्रभाव देखिएको बताए । सार्वजनिक खरीद ऐनका कतिपय प्रावधान परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको भन्दै उपप्रधानमन्त्री पौडेलले राष्ट्रिय आवश्यकताका आधारमा ऐनमा परिमार्जन गर्न सरकारले गृहकार्य गरिरहेको जानकारी दिए । *रासस*

तथ्यांकोवाच

## कपास तथा कपासका फेब्रिकको विश्व आयात बजार ४५ अर्ब ५२ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित कपास तथा कपासका फेब्रिकको विश्व आयात ४५ अर्ब ५२ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको कपास तथा कपासका फेब्रिक क्षेत्रमा नेपालले पनि आफ्नो क्षमताले भ्याउने क्षेत्रमा उपस्थिति जनाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | औसत भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| विश्व | ४५,५१९,९०४ | | १०० | |
| चीन | ८,९८७,५५७ | १,६७७,३८८ | १९.७ | १३.८ |
| बंगलादेश | ६,६९९,३५९ | -६,५५२,७०४ | १४.७ | १५.६ |
| भियतनाम | ४,२४६,५६६ | -१,१९९,२३७ | ९.३ | ६.५ |
| टर्की | २,७४६,१५७ | -६४६,९९७ | ६ | २.५ |
| इन्डोनेसिया | १,५१९,४५८ | -१,०३५,९५१ | ३.३ | ५.८ |
| इटाली | १,०५७,८३२ | ११४,८१५ | २.३ | १.५ |
| पाकिस्तान | ९८१,७८६ | २,०९५,५६३ | २.२ | ८ |
| कोरिया, गणतन्त्र | ८२४,७५४ | -४९९,४६४ | १.८ | ३.६ |
| मेक्सिको | ८१६,१२९ | -४०४,३९० | १.८ | ५.९ |
| संयुक्त राज्य अमेरिका | ८१५,३३९ | ६,४८१,६४१ | १.८ | ६.१ |
| भारत | ८१२,६७५ | ५,६८०,४१५ | १.८ | ११.५ |
| रूसी संघ | ७६०,५९७ | -७४२,२५७ | १.७ | ५.४ |
| इजिप्ट | ६८९,५०१ | -१६६,५४३ | १.५ | ४.८ |
| जर्मनी | ६७२,७३६ | १२,९७७ | १.५ | १.५ |
| ट्युनिसिया | ६१३,७६९ | -५९२,२२३ | १.३ | १४.२ |
| मोरक्को | ६०६,०५० | -५६८,४४४ | १.३ | ५ |
| थाइल्याण्ड | ५६६,४३२ | -२९६,६०४ | १.२ | ११.३ |
| कम्बोडिया | ५६१,९९१ | -५४६,९०२ | १.२ | ३.३ |
| पोर्चुगल | ५६०,५०७ | -३६३,९०५ | १.२ | १.५ |
| श्रीलंका | ५२०,८०६ | -४५७,०४६ | १.१ | ०.५ |
| फ्रान्स | ४८४,३१२ | -१७१,०८९ | १.१ | १.५ |
| इरान, इस्लामिक गणतन्त्र | ४५०,१२१ | -४४८,८६३ | १ | २२.३ |
| डोमिनिकन गणतन्त्र | ४२६,६०९ | -२७१,३०६ | ०.९ | ० |
| जापान | ४२३,४६६ | -१५५,१९५ | ०.९ | १.८ |
| मलेसिया | ४१८,०५५ | -१२७,५६४ | ०.९ | ५.२ |
| स्पेन | ३९७,०७९ | १४९,७३७ | ०.९ | १.५ |
| ग्वाटेमाला | ३९४,५९८ | -३१५,१९२ | ०.९ | ४.२ |
| कोलम्बिया | ३३९,८५९ | -३२२,६०९ | ०.७ | ६.८ |
| अस्ट्रिया | ३३७,४११ | १४४,९७६ | ०.७ | १.५ |
| पेरु | ३०५,८०८ | -२७१,८३९ | ०.७ | ६.३ |
| हङकङ, चीन | २८७,८३७ | -१३,३९५ | ०.६ | ० |
| संयुक्त अधिराज्य | २६७,८२७ | -६६,८७७ | ०.६ | ०.८ |
| पोल्याण्ड | २६०,५२५ | -१७६,४९९ | ०.६ | १.५ |
| रोमानिया | २६०,४२५ | -१७७,९३० | ०.६ | १.५ |
| माली | २२७,५९६ | -१७२,९७७ | ०.५ | २५.३ |
| ताइपेई, चिनियाँ | २२६,५५७ | -६६ | ०.५ | ५ |
| एल साल्भाडोर | २१३,८३८ | -१०८,७१३ | ०.५ | ४.२ |
| बेल्जियम | १९८,७७४ | ११,४३७ | ०.४ | १.५ |
| नेदरल्याण्ड्स | १९४,७४१ | १५४,३४५ | ०.४ | १.५ |
| निकारागुआ | १९०,२०८ | -१४३,८८३ | ०.४ | ४.२ |
| संयुक्त अरब इमिरेट्स | १७१,१२५ | -११०,९७८ | ०.४ | ४.५ |
| म्यानमार | १४३,१६५ | -११६,३७० | ०.३ | ४.७ |
| हाइटी | १४२,०५१ | -१४१,७९४ | ०.३ | १४.६ |
| ब्राजिल | १४१,८७४ | ३,०६३,३८३ | ०.३ | १७ |
| चेक गणतन्त्र | १४०,८५९ | -१४,०२१ | ०.३ | १.५ |
| दक्षिण अफ्रिका | १३४,३६२ | -८७,२७६ | ०.३ | १४.३ |
| बुल्गेरिया | १२१,१३१ | -७९,२६६ | ०.३ | १.५ |
| स्विट्जरल्याण्ड | ११९,९२२ | -८,०३२ | ०.३ | ० |
| युक्रेन | ११७,४९६ | -११७,११८ | ०.३ | ४ |
| मौरिसस | ११२,५७५ | -९१,४२३ | ०.२ | ० |
| मडागास्कर | १११,२५४ | -१०३,३१५ | ०.२ | १२ |
| फिलिपिन्स | १०९,९९५ | -१०३,३६८ | ०.२ | ५.४ |
| क्यानडा | ९५,२९७ | -७२,४५५ | ०.२ | ०.३ |
| नेपाल | ९०,५१३ | -८९,३९९ | ०.२ | १०.५ |

स्रोत : आइटिसी ट्रेडम्याप

खाना पकाउने ग्याँस प्रयोगमा सावधानी अपनाऔं

- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री बालबालिकाले भेट्ने गरी नराखौं,
- ग्याँस बालेर भान्साकोठा छाडेर नजाऔं,
- ग्याँस सिलिण्डरलाई सकेसम्म भान्सा कोठाभन्दा बाहिर राखौं,
- प्रयोग मिति यकीन गरेर मात्र ग्याँस सिलिण्डर खरिद गरौं,
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं,
- आवश्यकताभन्दा बढी ग्याँस सिलिण्डर सञ्चय नगरौं,
- कुनै खराबी वा टुटफूट भए तुरुन्त मर्मत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर